# राष्ट्रिय जनसङ्ख्या नीति, २०८२

विषय सूची

परिच्छेद १: परिचय ..... १
१.१ पृष्ठभूमि ..... १
१.२ समस्या तथा चुनौती र नयाँ नीतिको आवश्यकता ..... २
क. समस्याहरू ..... २
ख. चुनौतीहरू ..... २
ग. नयाँ नीतिको आवश्यकता ..... ३
परिच्छेद २: नीति संरचना ..... ३
२.१ दूरदृष्टि ..... ३
२.२ ध्येय ..... ३
२.३ लक्ष्य ..... ३
२.४ उद्देश्य ..... ४
२.५ नीति ..... ४
२.६ रणनीति ..... ४
२.७ कार्यनीति ..... ६
३.१ संस्थागत व्यवस्था ..... १६
३.२ कानुनी व्यवस्था ..... १७
३.३ वित्तीय व्यवस्था ..... १७
३.४ नीति समन्वय र सामञ्जस्य ..... १७
३.५ जोखिम पहिचान र व्यवस्थापन ..... १८
३.६ अनुगमन र मूल्याङ्कन तथा नीति पुनरावलोकन ..... १८
३.७ नीति कार्यान्वयन कार्ययोजना ..... २०
३.८ नीति खारेजी र बचाउ ..... २०
अनुसूची-१: नीतिको विशिष्ट, मापनयोग्य र परिमाणात्मक लक्ष्यहरू ..... २१
अनुसूची-२: नीति कार्यान्वयन कार्ययोजना ..... २२

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद १: परिचय

### १.१ पृष्ठभूमि

विकास र शासनका सबै आयामसँग सरोकार राख्ने जनसङ्ख्या विषय मूलतः जन्म, मृत्यु, बसाईसराईँका विविध सवालहरूसँग अन्तरसम्बन्धित छ। नेपालको संविधानले सङ्घीय शासन प्रणालीलाई आत्मसात् गरी जनसङ्ख्यालाई सामाजिक न्याय, समावेशिता, समानता र समतामूलक समाजको निर्माण, सबै नागरिकको आधारभूत हकहितको संरक्षणको प्रत्याभूति, राष्ट्रिय हितप्रति समर्पित, क्षमतावान नागरिक समुदायमा आधारित हुने कुरा उल्लेख गरेको छ। संविधानमा राज्यले अवलम्बन गर्ने नीतिअन्तर्गत राष्ट्रिय आवश्यकता अनुरूप नागरिकलाई राष्ट्रको सेवा गर्न सक्षम र तत्पर बनाउने; पूर्व राष्ट्रसेवकहरूको ज्ञान, सीप र अनुभवलाई राष्ट्र हितमा समुचित उपयोग गर्ने; जनसाङ्ख्यिक तथ्याङ्कलाई अद्यावधिक गर्दै राष्ट्रिय विकास योजनासँग आबद्ध गर्ने; राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्ने जस्ता विषयमा जोड दिइएको छ। विगतका आवधिक योजनाहरूले जनसङ्ख्याको विषयलाई विकासको महत्त्वपूर्ण पक्ष मानेर मानव पुँजी विकास, सामाजिक न्याय, समावेशिता, ग्रामीण विकास तथा व्यवस्थित सहरीकरण, जनसङ्ख्याको सन्तुलित वितरण तथा सन्तुलित विकास, जनसाङ्ख्यिक गतिशीलताको प्रभावकारी व्यवस्थापन एवं जनसाङ्ख्यिक लाभको उच्चतम उपयोगमा जोड दिएको पाइन्छ। सोह्रौं योजनाले स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण, लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाजमा आधारित भई जनसङ्ख्या व्यवस्थापन गर्ने जस्ता विषयलाई प्राथमिकता दिनुका साथै ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उत्पादनसँग आबद्ध गर्ने, आन्तरिक बसाईसराईँको व्यवस्थापन, व्यवस्थित सहरीकरण तथा जनसाङ्ख्यिक लाभको उपयोगमा जोड दिएको छ।

नेपालको जनसङ्ख्यासम्बन्धी दीर्घकालीन योजना (२०६७-८७); दिगो विकास लक्ष्य, २०३०; जनसङ्ख्या नीति, २०७१ र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ मा जनसङ्ख्याको बहुआयामिकतालाई आत्मसात् गर्दै दिगो विकास र उपयोगका लागि विकासका सबै पक्षमा जनसङ्ख्याको विषयलाई आत्मसात् गर्ने, गुणस्तरीय जनसङ्ख्याका लागि मानव विकास प्रणाली सुदृढ तुल्याउने, जनसङ्ख्या व्यवस्थापनका लागि सक्षम संस्थागत व्यवस्था गर्ने लगायतका विषय उल्लेख गरेको देखिन्छ। नेपाल सरकारले सन् १९९४ मा कायरोमा आयोजित जनसङ्ख्या तथा विकास सम्बन्धी अन्तराष्ट्रिय सम्मेलन (ICPD) एवं सन् १९९५ को बेइजिङ सम्मेलन लगायतका विभिन्न सम्मेलनमा जनसङ्ख्यालाई राष्ट्रिय योजना प्रणालीमा उच्च प्राथमिकता दिई वित्तीय स्रोत परिचालन गर्ने, अधिकारमा आधारित प्रजनन स्वास्थ्यमा जोड दिने, जनसङ्ख्यामा आधारित विकास प्रणाली अवलम्बन गर्ने लगायतका विषयमा प्रतिबद्धता जनाउँदै आएको छ।

उपरोक्त नीतिगत व्यवस्था हुँदाहुँदै पनि राष्ट्रिय जनगणना, २०७८ को नतिजाबाट जनसङ्ख्याको दश वर्षको औसत वृद्धिदर प्रतिवर्ष ०.९२ प्रतिशत रहेको, कुल प्रजनन दर प्रति महिला १.९४ (२०६८ को जनगणनामा २.६) रहेको, हिमालका सबै जिल्ला समेत गरी ३४ जिल्ला र ३१९ स्थानीय तहमा जनसङ्ख्या वृद्धिदर ऋणात्मक रहेको, १५ वर्ष मुनिका बालबालिकाको सङ्ख्या ३४.९ प्रतिशतबाट घटेर २७.८ प्रतिशतमा भएको, ६० वर्ष माथिको जनसङ्ख्या १०.२१ प्रतिशत रहेको (विसं. २०६८ को जनगणना अनुसार ८.१ प्रतिशत), नवजात शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा २१, शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा २८, बाल मृत्युदर प्रति हजार जीवित जन्ममा ३३, मातृ मृत्यु अनुपात प्रति लाख जीवित जन्ममा १५१ रहेको, जन्मदाको लैङ्गिक अनुपात ११२:१०० रहेको, अनुपस्थित (विदेशमा रहेको) जनसङ्ख्या ७.५ प्रतिशत रहेको, जनसङ्ख्यिक लाभांश (१५ देखि ५९ वर्ष उमेरको जनसङ्ख्या) ६१.९ प्रतिशत रहेको पाइन्छ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

तथ्याङ्कीय अवस्था हेर्दा जन्मदरमा निरन्तर कमी, औषत आयुमा बढोत्तरी, बालबालिकाको सङ्ख्यामा कमी, ज्येष्ठ नागरिकको सङ्ख्यामा वृद्धि, युवा पिंढीमा प्रजनन सम्बद्ध मनोव्यवहारगत परिवर्तन, वैदेशिक रोजगारी एवं शैक्षिक आप्रवासनमा युवा वर्गको बढ्दो आकर्षण तथा अव्यवस्थित आन्तरिक बसाईसराइँ र सहरीकरण तथा बढ्दो सहरी गरिबीको अवस्था उजागर भएको देखिन्छ। प्रजनन दर प्रतिस्थापन तहभन्दा तल रहेको र जनसङ्ख्या वृद्धिदर न्यून हुँदै गएको परिप्रेक्ष्यमा यस सवाललाई सम्बोधन गर्दै भविष्यमा जनसाङ्ख्यिक लाभको प्रभावकारी उपयोग हुन सक्ने वातावरण तयार गर्नुपर्ने देखिन्छ।

## १.२ समस्या तथा चुनौती र नयाँ नीतिको आवश्यकता

### क. समस्याहरू

नीति कार्यान्वयनको कमजोर अवस्था, शासकीय स्वरूपमा आएको बदलाव लगायतका कारण जनसङ्ख्या सम्वद्ध विषयमा निम्नानुसार समस्या रहेका छन्:

१. सोच, प्रविधि र मूल्य–मान्यतामा अन्तरपुस्ताबीचको सम्बन्धमा सामञ्जस्य कायम हुन नसकेको।
२. सारभूत रूपमा समावेशी र सामाजिक न्यायमा आधारित मानव विकास हुन नसकेको।
३. असन्तुलित आन्तरिक बसाईसराइँ, ग्रामीण क्षेत्रको घट्दो आर्थिक क्रियाकलाप, अव्यवस्थित सहरीकरण र बढ्दो सहरी गरिबीको अवस्था रहेको।
४. जलवायु परिवर्तन, विपद् तथा महामारी, मानव बेचबिखन तथा तस्करी, सूचना प्रविधि र कृत्रिम बौद्धिकता जस्ता सवालहरूलाई यथोचित सम्बोधन गर्न नसकिएको।
५. जनसङ्ख्या व्यवस्थापनसँग सम्बन्धित निकायहरू फरक फरक मन्त्रालय वा निकाय अन्तर्गत रहेकोले दिगो रूपमा जिम्मेवारी र जवाफदेही सुनिश्चित गर्न नसकेको।
६. जनसङ्ख्या व्यवस्थापनको विषयलाई कानुनी रूपमा वैधता दिन नसकिएको।
७. सङ्घीय शासन प्रणालीको मर्मबमोजिम जनसङ्ख्या व्यवस्थापनको विषय बहुतहगत सरकार सञ्चालनमा समयानुकूल र संस्थागत हुन नसकेको।
८. जनसङ्ख्यासम्बन्धी विविध सूचना तथा तथ्याङ्क नियमित रूपमा आपूर्ति गर्न नसकिएको, खण्डीकृत तथ्याङ्कको अभाव अझै कायम रहेको, विभिन्न निकायहरू बीच रहेका सूचना तथा तथ्याङ्कहरूको एक आपसमा अन्तर आबद्धता गर्न नसकिएको।

### ख. चुनौतीहरू

नेपालमा विद्यमान जनसाङ्ख्यिक अवस्थालाई दृष्टिगत गर्दा देहायका चुनौतीहरू रहेको पाइन्छ।

१. संविधानले प्रत्याभूत गरेबमोजिम गुणस्तरीय प्रजनन स्वास्थ्य सेवा लगायत समग्र स्वास्थ्य सेवा, शिक्षा, सामाजिक सुरक्षामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्नु एवं संस्थागत क्षमता सुदृढ गर्नु।
२. सामाजिक समावेशीकरण लगायत लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक तथा प्रजनन स्वास्थ्यको अधिकारमुखी अवधारणालाई साकार तुल्याउनु।
३. युवा पुस्ताको क्षमता र ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई मानव पुँजीको रूपमा उपयोग गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्‍याउन सक्ने आधार निर्माण गर्नु र मर्यादित जीवन सुनिश्चित गर्न सामाजिक सुरक्षाको भरपर्दो व्यवस्था मिलाउनु।
४. प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चित गर्दै विद्यमान जनसाङ्ख्यिक प्रवृत्तिको सम्बोधन गर्नु।
५. योजना तथा कार्यक्रम तर्जुमा गर्दा जनसाङ्ख्यिक सूचक एवं जनसाङ्ख्यिक गतिशीलतालाई दृष्टिगत गर्नु।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

६. विश्वव्यापीकरणको बदलिँदो परिवेश र नवीन प्रविधिले सिर्जना गरेको अवसरलाई रोजगार, स्वरोजगार, वैदेशिक रोजगार र विकासका आयामसँग आबद्ध गर्नु।
७. जनसाङ्ख्यिक सवाललाई सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गरी एकीकृत रूपमा सम्बोधन गर्नु।
८. जनसाङ्ख्यिक स्रोतलाई मुलुकको समृद्धिका लागि भरपुर उपयोग गर्नु।
९. "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोचले लिएका लक्ष्यहरू हासिल गर्नु।

**ग. नयाँ नीतिको आवश्यकता**

जनसङ्ख्या र विकासका सन्दर्भमा गरिएका वैश्विक प्रतिबद्धताको कार्यान्वयन गर्न, बदलिँदो जनसाङ्ख्यिक संरचना र नवीन प्रविधिका अवसरहरू उपयोग गर्न सक्ने गरी जनसङ्ख्यामा देखिएको परिवर्तित सन्दर्भ (Paradigm Shift) लाई सम्बोधन गर्न र जनसङ्ख्या व्यवस्थापनप्रतिको परम्परागत मान्यता र सोचमा आएको परिवर्तित दृष्टिकोणलाई आत्मसात गर्न नयाँ नीतिको आवश्यकता रहेको छ। यस सन्दर्भमा राष्ट्रिय अन्तराष्ट्रिय प्रतिबद्धता अनुरूप प्रजनन स्वास्थ्यको अधिकारको संरक्षण गर्दै नेपालको संविधानबमोजिम मौलिक हकको प्रभावकारी कार्यान्वयनलाई दिशानिर्देश गर्न आवश्यक रहेको छ। यसै गरी जनसङ्ख्या विषयप्रति राज्यका विभिन्न तहका सरकारको जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गर्न नयाँ नीतिगत व्यवस्था गर्नु पर्ने देखिएको छ। मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक विविधतालाई सम्बोधन गर्दै मानव पुँजीलाई विकास प्रणालीसँग आबद्ध गर्न तथा जनसङ्ख्याको बनावट, संरचना, विशेषता र वितरणलाई उपलब्ध स्रोत सापेक्ष रूपमा व्यवस्थित गर्न अपरिहार्य रहेको छ। साथै, जनसङ्ख्या व्यवस्थापनको समग्र पक्षलाई दिशानिर्देश गर्न, मानव अधिकारमुखी र नागरिक केन्द्रित दृष्टिकोण प्रतिको सरकारको अटुट प्रतिबद्धताको कार्यान्वयन गर्न र विद्यमान जनसङ्ख्या नीतिले समेट्न नसकेका पक्षहरूको सम्बोधन गर्न नयाँ नीतिको आवश्यकता भएको छ। नेपालले सन् २०२६ मा अल्पविकसित मुलुकबाट मध्यम आययुक्त मुलुकको रूपमा स्तरोन्नति (LDC Graduation) को लक्ष्य लिएको छ। यसबाट सिर्जना हुने अवसर र चुनौती सम्बोधन गर्न नयाँ नीतिको आवश्यकता देखिएको छ।

## परिच्छेद २: नीति संरचना

### २.१ दूरदृष्टि

मुलुकको सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरणका लागि सक्षम मानव पुँजी।

### २.२ ध्येय

जनसाङ्ख्यिक स्रोत तथा गतिशीलताको व्यवस्थापनमार्फत जनसङ्ख्या र दिगो विकासबीच सामञ्जस्य कायम गर्ने।

### २.३ लक्ष्य

(क) स्वस्थ, शिक्षित, उद्यमशील तथा उत्पादनशील मानव पुँजीको विकास गरी मुलुकमा सामाजिक तथा आर्थिक समृद्धि हासिल गर्ने।

(ख) जनसङ्ख्याको विकासात्मक प्रभाव हासिल गरी दिगो विकासमा योगदान पुऱ्याउने तथा सामाजिक न्याय, समानता र समावेशितामा आधारित स्वस्थ र संस्कृतियुक्त समाज निर्माण गर्ने।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(ग) नीतिको दूरदृष्टि र ध्येय हासिल गर्नका लागि विशिष्ट, मापनयोग्य र समय-निश्चित परिमाणात्मक लक्ष्य अनुसूची-१ मा उल्लेख भएबमोजिम हुने छन्।

## २.४ उद्देश्य

यस नीतिको लक्ष्य हासिल गर्न लिइने उद्देश्य देहायबमोजिम रहेका छन्:

१. मानव पुँजीमा आधारित जनसाङ्ख्यिक लाभको प्राप्ति र उपयोग बढाउनु।
२. जनसङ्ख्याप्रति संवेदनशील तथा उत्तरदायी जनसङ्ख्या व्यवस्थापन प्रणाली सुदृढ गरी जनसङ्ख्या र विकासबीच तादात्म्यता कायम गर्नु।
३. समावेशिता, सामाजिक न्याय एवं प्रजनन अधिकारमा आधारित समतामूलक समाज निर्माण गर्नु।
४. संस्थागत क्षमता र तथ्याङ्क प्रणाली सुदृढ गरी जनसङ्ख्या व्यवस्थापन कार्य प्रभावकारी बनाउनु।

## २.५ नीति

यस नीतिको उद्देश्य परिपूर्तिका लागि देहायका नीति अवलम्बन गरिनेछ:

१. सीपयुक्त, उद्यमशील र उत्पादनशील जनशक्तिको प्रक्षेपण, विकास र उपयोग गरिनेछ। (उद्देश्य १ सँग सम्बन्धित)
२. स्वस्थ र क्रियाशील जनशक्ति निर्माण गर्न स्वास्थ्य सेवा प्रणाली, यौन तथा प्रजनन स्वास्थ्य एवं बहुपोषण शिक्षा, सूचना तथा सेवा, सबै व्यक्तिगत घटना दर्ता प्रणालीलाई विस्तार तथा सुदृढ गरिनेछ। (उद्देश्य १ सँग सम्बन्धित)
३. विदेशमा गएका र फर्किएका आप्रवासी जनशक्तिलाई मुलुकको विकास र समृद्धिको लागि उच्चतम उपयोग गरिनेछ । (उद्देश्य १ सँग सम्बन्धित)
४. प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता गर्दै प्रजनन दर र जनसङ्ख्याबीच सन्तुलन कायम गर्न सम्बन्धित नीतिमा सुधार गरिनेछ। (उद्देश्य २ सँग सम्बन्धित)
५. मुलुकको आर्थिक विकासका सबै पक्षमा जनसङ्ख्याको विषयलाई एकाकार गरी जनसङ्ख्या केन्द्रित विकास पद्धति अवलम्बन गरिनेछ। (उद्देश्य २ सँग सम्बन्धित)
६. आन्तरिक बसाईसराईंलाई दिगो आर्थिक विकास तथा वातावरणीय दृष्टिले उपयुक्त तुल्याइनेछ। (उद्देश्य २ सँग सम्बन्धित)
७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई जनसङ्ख्या र विकासका सबै आयामहरूमा समाहित गरिनेछ। (उद्देश्य ३ सँग सम्बन्धित)
८. बालअधिकार एवं प्रजनन सम्बद्ध सबै अधिकारको संरक्षण गरिनेछ। (उद्देश्य ३ सँग सम्बन्धित)
९. तथ्यमा आधारित जनसङ्ख्या व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ। (उद्देश्य ४ सँग सम्बन्धित)

## २.६ रणनीति

नीति नं १ (**सीपयुक्त, उद्यमशील र उत्पादनशील जनशक्तिको प्रक्षेपण, विकास र उपयोग गरिनेछ।**) सँग सम्बन्धित रणनीति:

२.६.१. जनशक्ति विकास तथा मानव पुँजी निर्माण र उपयोगको राष्ट्रिय रणनीतिक योजना निर्माण गर्ने।

२.६.२. शिक्षा प्रणालीलाई सीप तथा रोजगारमूलक, उद्यमशील र उत्पादनमूलक हुने गरी सुधार गर्ने।

२.६.३. सबै युवामा रोजगारमूलक सीप र दक्षता अभिवृद्धिमा आधारित उद्यमशील क्षमता विकास र उपयोग गर्ने।

२.६.४ तथ्यगत आधारमा वस्तुगत उपाय अवलम्बन गरी जनसाङ्ख्यिक लाभको उच्चतम उपयोग गर्ने।

२.६.५ ज्येष्ठ नागरिकलाई सम्मानपूर्वक बाँच्ने वातावरणको सुनिश्चिततासहित ज्ञान, सीप तथा अनुभवको अन्तरपुस्ता हस्तान्तरणको माध्यमद्वारा सामाजिक आर्थिक क्षेत्रमा लाभ प्राप्त गर्ने।

नीति नं. २ (**स्वस्थ र क्रियाशील जनशक्ति निर्माण गर्न स्वास्थ्य सेवा प्रणाली, यौन तथा प्रजनन स्वास्थ्य एवं बहुपोषण शिक्षा, सूचना तथा सेवा एवं व्यक्तिगत घटना दर्ता प्रणालीलाई विस्तार तथा सुदृढ गरिनेछ।**) सँग सम्बन्धित रणनीतिः

२.६.६ जनसङ्ख्यालाई स्वस्थ र क्रियाशील बनाउन स्वास्थ्य सेवा प्रणाली विस्तार तथा सुदृढ गर्ने।

२.६.७ मुलुकको क्षमता र आवश्यकताका आधारमा प्रजनन दर र जनसङ्ख्याबीच सन्तुलन कायम राख्दै गुणस्तरीय परिवार व्यवस्थापनमा जोड दिने।

नीति नं. ३ (**विदेशमा गएका र फर्किएका आप्रवासी जनशक्तिलाई मुलुकको विकास र समृद्धिको लागि उच्चतम उपयोग गरिनेछ।**) सँग सम्बन्धित रणनीतिः

२.६.८ एकीकृत र स्वचालित सूचना प्रणालीमार्फत आप्रवासनमा रहेका र फर्किएका व्यक्तिहरूलाई मानव पुँजीको रूपमा ग्रहण गरी ज्ञान, सीप, पुँजी र अनुभवको उच्चतम उपयोग गर्ने।

२.६.९ आप्रवासी श्रमिक तथा अन्य व्यक्तिलाई स्वदेशमा नै उद्यम गर्न र स्वरोजगारीमा संलग्न गराउन प्रोत्साहनमूलक तथा प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने।

नीति नं. ४ (**प्रजनन स्वास्थ्य अधिकारको सुनिश्चितता गर्दै प्रजनन दर र जनसङ्ख्याबीच सन्तुलन कायम गर्न सम्बन्धित नीतिमा सुधार गरिनेछ।**) सँग सम्बन्धित रणनीतिः

२.६.१० प्रजनन सम्बद्ध नीतिहरूमा सुधार गर्न आवश्यक समन्वय र सामञ्जस्य कायम गर्ने।

२.६.११ प्रजनन अधिकारको संरक्षण हुने गरी विभिन्न प्रोत्साहनमूलक, उत्प्रेरणात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने।

नीति नं. ५ (**मुलुकको आर्थिक विकासका सबै पक्षमा जनसङ्ख्याको विषयलाई एकाकार गरी जनसङ्ख्या केन्द्रित विकास पद्धति अवलम्बन गरिनेछ।**) सँग सम्बन्धित रणनीतिः

२.६.१२ शासन र विकासका सबै क्षेत्र तथा विषयमा जनसङ्ख्याको विषयलाई मूलप्रवाहीकरण गर्ने।

२.६.१३ मुलुकको आर्थिक तथा सामाजिक विकाससँग सम्बन्धित नीतिलाई जनसङ्ख्या सवालसँग सापेक्ष तुल्याउने।

२.६.१४ विकासका संरचना तथा पूर्वाधारको निर्माण तथा उपयोगलाई जनसङ्ख्यामा आधारित तुल्याउने।

नीति नं. ६ (**आन्तरिक बसाईसराईँलाई दिगो आर्थिक विकास तथा वातावरणीय दृष्टिले उपयुक्त तुल्याइनेछ।**) सँग सम्बन्धित रणनीतिः

२.६.१५ आन्तरिक बसाईसराइँसम्बन्धी सूचना र तथ्याङ्क प्रणाली सुदृढ गर्दै बसाईसराईँलाई योजनाबद्ध, व्यवस्थित र दिगो बनाउने।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२.६.१६ ग्रामीण क्षेत्रमा रोजगार सिर्जना हुने गरी सेवा तथा आर्थिक क्रियाकलाप वृद्धि गर्ने।

२.६.१७ जनसङ्ख्या र वातावरणबीच सन्तुलित सम्बन्ध कायम हुने गरी संरक्षण क्षमता र उत्थानशीलता वृद्धि गर्ने।

नीति नं. ७ (**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई जनसङ्ख्या र विकासका सबै आयामहरूमा समाहित गरिनेछ।**) सँग सम्बन्धित रणनीति:

२.६.१८ सङ्घ, प्रदेश तथा स्थानीय तहका शासकीय तहका नीतिगत, कानुनी, संरचनागत तथा प्रणालीगत व्यवस्थामा लैङ्गिक समानता तथा समावेशीकरणको विषय मूलप्रवाहीकरण गर्ने।

२.६.१९ बहुआयामिक गरिबीमा रहेका, सीमान्तीकृत, विभेद, वञ्चिति र विभिन्न जोखिममा रहेका व्यक्तिको सामाजिक सुरक्षा र संरक्षणात्मक न्याय समेतका लागि आधारभूत सेवासहित आर्थिक तथा सामाजिक संरक्षण गर्ने।

२.६.२० लिङ्ग, वर्ग तथा जातीयतामा आधारित सबै प्रकारका हिंसा तथा विभेदको अन्त्यका लागि कानुनी, संस्थागत तथा प्रणालीगत क्षमता सुदृढ गर्ने।

२.६.२१ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको समान अधिकारको संरक्षण गर्ने।

नीति नं. ८ (**बालअधिकार एवं प्रजनन सम्बद्ध सबै अधिकारको संरक्षण गरिनेछ**) सँग सम्बन्धित रणनीति:

२.६.२२ यौन तथा प्रजनन स्वास्थ्य अधिकारको संरक्षण तथा सम्बद्ध सेवाको विस्तार गर्ने।

२.६.२३ बाल संरक्षण, बालबालिकाको बाँच्न पाउने अधिकार, बाल सहभागिता र बालविकासका सवाललाई प्रारम्भिक बाल विकाससँग एकाकार गर्ने।

नीति नं. ९ (**तथ्यमा आधारित जनसङ्ख्या व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ।**) सँग सम्बन्धित रणनीति:

२.६.२४ जनसङ्ख्या सम्बद्ध एकीकृत सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणाली सुदृढ गर्ने।

२.६.२५ जनसङ्ख्या अभिलेख तथा सूचना व्यवस्थापनका लागि संस्थागत सबलीकरण गर्ने।

२.६.२६ जनसाङ्ख्यिक विषयका अनुसन्धान, सर्वेक्षणलगायतका कार्यहरू एकद्वार प्रणालीबाट हुने व्यवस्था गर्ने।

२.६.२७ जनसङ्ख्या व्यवस्थापन कार्यलाई कार्यमूलक, जिम्मेवार र जवाफदेही बनाउन आवश्यक संस्थागत, कानुनी एवं वित्तीय व्यवस्था सुदृढ गर्ने।

### २.७ कार्यनीति

रणनीति २.६.१ (**जनशक्ति विकास तथा मानव पुँजी निर्माण र उपयोगको राष्ट्रिय रणनीतिक योजना निर्माण गर्ने**) सँग सम्बन्धित कार्यनीति:

२.७.१ सार्वजनिक तथा निजी क्षेत्रको विकासका लागि उत्पादनशील जनशक्तिको वर्तमान अवस्था र आवश्यकताको लेखाजोखा, विश्लेषण र नक्साङ्कन गरिनेछ।

२.७.२ जनशक्ति विकास तथा मानव पुँजी उपयोगको लागि बहुपक्षीय सहभागितामा सामाजिक संवाद गरी राष्ट्रिय रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

रणनीति २.६.२ (**शिक्षा प्रणालीलाई सीप तथा रोजगारमूलक, उद्यमशील र उत्पादनमूलक हुने गरी सुधार गर्ने**) सँग सम्बन्धित कार्यनीति:

२.७.३ विद्यमान शिक्षा प्रणालीलाई युवा उद्यमशीलता र रोजगारी उन्मुख हुने गरी लेखाजोखा, विश्लेषण तथा परिमार्जन गरी लगानी बढाइनेछ।

२.७.४ विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रममा व्यावसायिक अध्ययनलाई समावेश हुने प्रणाली अवलम्बन गरिनेछ।

२.७.५ सङ्घ, प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रममा मानव पुँजी निर्माणका लागि लगानीको न्यूनतम सीमा निर्धारण गर्ने पद्धति लागु गरिनेछ।

२.७.६ युवा वर्गमा डिजिटल विश्व, कृत्रिम बौद्धिकता तथा सूचना प्रविधिको सकारात्मक प्रभाव वृद्धि हुने गरी लगानी बढाइनेछ।

रणनीति २.६.३ (**सबै युवामा रोजगारमूलक सीप र दक्षता अभिवृद्धिमा आधारित उद्यमशील क्षमता विकास र उपयोग गर्ने**) सँग सम्बन्धित कार्यनीति:

२.७.७ आधुनिक उत्पादन प्रविधि तथा व्यवसायको विकासमा युवा खास गरी जेन जेड (Gen Z) पुस्ता आकर्षित हुने गरी युवावर्ग लक्षित स्टार्टअप तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.८ सबै स्थानीय तहमा युवा उद्यमशीलता प्रवर्द्धन एवं रोजगार तथा व्यवसाय विकास प्रशिक्षण प्रदान गरिनेछ।

२.७.९ पर्यटन व्यवसाय, आधुनिक खेती प्रणाली, पूर्वाधार विकास, वन पैदावार प्रशोधन जस्ता सम्भाव्य आर्थिक क्षेत्रमा लगानी वृद्धि गरी रोजगारी र स्वरोजगारका अवसर विस्तार गरिनेछ।

२.७.१० युवा समुदायमा काम प्रति सम्मान गर्ने प्रवृत्तिको विकासका लागि अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.११ स्नातक तह अध्ययनरत विद्यार्थीहरूलाई कुनै एक व्यावसायिक सीप हासिल गर्ने गरी छोटो अवधिको सीपमूलक तालिम अभियान चलाइनेछ।

२.७.१२ तथ्याङ्क र जनसङ्ख्या विषय अध्ययनरत विद्यार्थीहरूका लागि इन्टर्नसीपको व्यवस्था गरी सो विषयसम्बन्धी व्यवहारिक ज्ञान र क्षमता विकास गरिनेछ।

रणनीति २.६.४ (**तथ्यगत आधारमा वस्तुगत उपाय अवलम्बन गरी जनसाङ्ख्यिक लाभको उच्चतम उपयोग गर्ने**) सँग सम्बन्धित कार्यनीति:

२.७.१३ जनसाङ्ख्यिक लाभको उच्चतम उपयोगका लागि नवीन प्रविधिको उपयोग बढाई तथा अनुसन्धानमूलक तरिका अपनाई मानव पुँजी विकासमा प्राथमिकता सहित पर्याप्त लगानी गरिनेछ।

२.७.१४ महिला, युवा, बालबालिका, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, ज्येष्ठ नागरिकलगायत सबै प्रकारका जनशक्तिको अन्तरनिहित क्षमताको उपयोग हुने गरी सीप तथा पेसागत दक्षताको विकास गरिनेछ।

२.७.१५ आदिवासी, जनजाति, दलित, लोपोन्मुखलगायतका समुदायको मौलिक तथा रैथाने प्रविधि, सीप, दक्षता र पेसालाई आधुनिकीकरण तथा व्यवसायीकरण गरिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

रणनीति २.६.५ (**ज्येष्ठ नागरिकलाई सम्मानपूर्वक बाँच्ने वातावरणको सुनिश्चिततासहित ज्ञान, सीप तथा अनुभवको अन्तरपुस्ता हस्तान्तरणको माध्यमद्वारा सामाजिक आर्थिक क्षेत्रमा लाभ प्राप्त गर्ने।**) सँग सम्बन्धित कार्यनीतिः

२.७.१६ ज्येष्ठ नागरिकका आधारभूत एवं पारिवारिक आवश्यकता, स्वास्थ्य उपचार, स्याहार सम्भार, मनोरञ्जन तथा विशिष्टिकृत आवश्यकतालाई सम्बोधन गरिनेछ।

२.७.१७ ज्येष्ठ नागरिकको जीवनलाई मर्यादित बनाउन ज्येष्ठ नागरिकलाई नीति निर्माण, विकास कार्यक्रम र सम्पदा तथा संस्कृति संरक्षणको क्षेत्रमा प्राथमिकता दिई सहभागिता बढाइनेछ।

२.७.१८ ज्येष्ठ नागरिकले आर्जन गरेका व्यावसायिक ज्ञान, अनुभव, सीप र दक्षता तथा प्रविधिको उपयोग गर्दै त्यस्तो ज्ञान सीपलाई अन्तरपुस्ता समता कायम गर्ने र युवावर्गमा पुस्तान्तरण हुने गरी प्रणालीगत तथा मनोव्यवहारगत उपाय अवलम्बन गरिनेछ।

२.७.१९ संयुक्त परिवार संस्कारको जगेर्ना गर्दै मानव मुल्यमा आधारित गुणस्तरीय जीवन कायम गर्न पुस्तान्तरणमैत्री शिक्षा, आपसी स्नेह र दायित्व बोध अभिवृद्धि गर्ने समावेशी कार्यक्रम अवलम्बन गरिनेछ।

रणनीति २.६.६ (**जनसङ्ख्यालाई स्वस्थ र क्रियाशील बनाउन स्वास्थ्य सेवा प्रणाली विस्तार तथा सुदृढ गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.२० सबै स्वास्थ्य सेवा प्रदायक संस्थालाई गुणस्तरीय रूपमा आधारभूत तथा विशेष स्वास्थ्य, शिक्षा, सूचना तथा सेवा उपलब्ध गराउन सक्ने गरी संस्थागत, जनशक्ति एवं प्रविधिगत क्षमताको सुदृढीकरण गरिनेछ।

२.७.२१ ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत तथा विशेष स्वास्थ्य सेवा उपलब्ध गराउने गरी प्रणालीमा सुधार गरिनेछ।

२.७.२२ स्वास्थ्य संस्थामा बालबालिका, किशोरकिशोरी तथा युवा वर्ग लगायत सबै व्यक्तिको मानसिक स्वास्थ्यसम्बन्धी समस्याको समाधान गर्ने गरी क्षमता अभिवृद्धि कार्यक्रम गरिनेछ।

२.७.२३ आधुनिक, आयुर्वेदिक तथा वैकल्पिक स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच बढाइनेछ।

२.७.२४ वित्तीय लगानीको दिगोपना हुने गरी कानुनबमोजिम एकीकृत स्वास्थ्य बीमा कोष निर्माण गरी स्वास्थ्य बीमामार्फत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच वृद्धि गरिनेछ।

२.७.२५ कानुनी व्यवस्थाको अधीनमा रही सबै किसिमका स्वास्थ्य सेवा सम्बन्धी सामाजिक सुरक्षाका कार्यक्रमहरू स्वास्थ्य बीमामार्फत परिचालन हुने व्यवस्था मिलाइनेछ।

रणनीति २.६.७ (**मुलुकको क्षमता र आवश्यकताका आधारमा प्रजनन दर र जनसङ्ख्याबीच सन्तुलन कायम राख्दै गुणस्तरीय परिवार व्यवस्थापनमा जोड दिने।**) सँग सम्बन्धित कार्यनीतिः

२.७.२६ विद्यमान परिवार नियोजन पद्धतिको उपयुक्तताको लेखाजोखा र विश्लेषण गरी विद्यमान सेवा प्रणालीलाई पुनरावलोकन गरिनेछ।

२.७.२७ गुणस्तरीय जनसङ्ख्या व्यवस्थापनका दृष्टिले प्रजनन दर र जनसङ्ख्याबीच सन्तुलन कायम राख्न नीतिगत, प्रणालीगत र कार्यगत क्षेत्रमा सुधार गरी उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२.७.२८ गुणस्तरीय परिवार निर्माणका लागि यौन तथा प्रजनन स्वास्थ्य अधिकारको संरक्षण गर्दै परिवार योजनाका विद्यमान सेवालाई सुदृढ गरिनेछ।

रणनीति २.६.८ (**एकीकृत र स्वचालित सूचना प्रणालीमार्फत आप्रवासनमा रहेका र फर्किएका व्यक्तिहरूलाई मानव पुँजीको रूपमा ग्रहण गरी ज्ञान, सीप, पुँजी र अनुभवको उच्चतम उपयोग गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.२९ जनसाङ्ख्यिक दृष्टिले आप्रवासी श्रमिकका खण्डीकृत तथा एकीकृत तथ्याङ्क तथा सूचना प्रणाली सुदृढ गरिनेछ।

२.७.३० वैदेशिक रोजगार चक्र र सीप विकास तालिमको प्रमाण पेस गरेपछि मात्र रोजगारमा जान पाउने कानुनी व्यवस्था गरिनेछ।

२.७.३१ वैदेशिक रोजगार चक्रका सबै चरणमा रोजगारीमा जानु पूर्व अवस्थादेखि स्वदेश फिर्ति तथा पुनर्स्थापनासम्मका सबै स्थितिको जानकारी लिने र अनुगमन गर्ने प्रणाली (Dedicated Tracking System) कार्यान्वयनमा ल्याइनेछ।

२.७.३२ कानुनी प्रक्रिया पूरा नगरी वैदेशिक रोजगारीमा जाने प्रवृत्तिलाई निरुत्साहित गर्न वैदेशिक रोजगारी निगरानी संयन्त्र (Migrant Intelligence) मार्फत कानुनी सहायता, रोजगारी सहजीकरण ट्र्याकिङ्ग प्रणाली कार्यान्वयनमा ल्याइ द्विपक्षीय श्रम सम्झौता भएका मुलुकसँग मात्र रोजगारमा जान पाउने कानुनी व्यवस्था गरी सुरक्षित, मर्यादित तथा व्यवस्थित श्रम आप्रवासन प्रणाली अवलम्बन गरिनेछ।

२.७.३३ आन्तरिक तथा वाह्य बसाईसराइँ, श्रम आप्रवासन, खुल्ला सिमानामा हुने आवागमन लगायतका कारण राष्ट्रिय सुरक्षा संवेदनशीलतामा पर्न सक्ने असर तथा प्रभावको अध्ययन, विश्लेषण तथा प्रतिवेदन गरिनेछ।

रणनीति २.६.९ (**आप्रवासी श्रमिक तथा अन्य व्यक्तिलाई स्वदेशमा नै उद्यम गर्न र स्वरोजगारीमा संलग्न गराउन प्रोत्साहनमूलक तथा प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने**) सँग सम्वन्धित कार्यनीतिः

२.७.३४ सबै स्थानीय तहमा श्रम आप्रवासनको ज्ञान, सीप, पुँजी, अनुभव र दक्षताको विवरणसहितको डाटाबेस तयार गरिनेछ।

२.७.३५ वैदेशिक रोजगारीबाट फर्किएका आप्रवासी श्रमिक तथा अन्य व्यक्तिलाई स्वदेशमा नै उद्यम गर्न र स्वरोजगारीमा संलग्न हुन वित्तीय प्रोत्साहन, सीप अभिवृद्धि तथा व्यावसायिक क्षमता विकास गरिनेछ।

२.७.३६ नेपालमा काम गरिरहेका आप्रवासी विज्ञ तथा दक्ष व्यक्तिको ज्ञान, सीप र प्रविधि नेपालमा हस्तान्तरण गर्ने उपाय अवलम्बन गरिनेछ।

२.७.३७ विप्रेषणलाई जलवायु अनुकूलित एवं उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ।

२.७.३८ जनसाङ्ख्यिक साक्षरता कार्यक्रम अभियानको रूपमा सञ्चालन गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

रणनीति २.६.१० (**प्रजनन सम्बद्ध नीतिहरूमा सुधार गर्न आवश्यक समन्वय र सामञ्जस्य कायम गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.३९ प्रजनन अन्तरसम्बन्धित नीतिहरूमा प्रजनन अधिकार तथा सेवाको विषय एकाकार गरिनेछ।

२.७.४० प्रजनन सम्बद्ध नीतिहरूमा सुधार गर्न क्षेत्रगत तथा अन्तरतहगत समन्वय र सामञ्जस्य कायम गर्न साझेदारी प्रवर्धन तथा संस्थागत विकास गरिनेछ।

२.७.४१ प्रजनन प्रवृत्तिमा देखिएका क्षेत्रीय, सामाजिक तथा आर्थिक असमानताका सवाल सम्बोधन गर्न अनुसन्धान तथा सर्वेक्षण गरी प्रजनन स्वास्थ्यलाई तथ्य तथा प्रमाणमा आधारित तुल्याइनेछ।

रणनीति २.६.११ (**प्रजनन अधिकारको संरक्षण हुने गरी विभिन्न प्रोत्साहनमूलक, उत्प्रेरणात्मक र प्रवर्द्धनात्मक उपाय अवलम्बन गर्ने।**) सँग सम्बन्धित कार्यनीतिः

२.७.४२ नागरिकको गुणस्तरयुक्त जीवन यापनका लागि अनुकुल हुने गरी परिवारमैत्री नीतिको कार्यान्वयन गरिनेछ।

२.७.४३ प्रजनन सम्बद्ध विषयमा सामाजिक सन्देश, सूचना, शिक्षा, जनचेतना र सकारात्मक दृष्टिकोण प्रवाह गरिनेछ।

२.७.४४ शिशु र बाल मृत्युदर घटाउन सर्वसुलभ मातृ शिशु स्वास्थ्य सेवा, पोषण सुरक्षा, नियमित खोप कार्यक्रम, सुरक्षित प्रसूति सेवा सुनिश्चित गरिनेछ।

२.७.४५ लिङ्ग पहिचान गरी गरिने गर्भपतन रोक्न गर्भपतन सेवासम्बन्धी सेवाप्रदायक र चिकित्सकहरूको पेसागत आचारसंहिताको कार्यान्वयनको सम्वन्धमा निरन्तर निगरानी तथा अनुगमन गरिनेछ।

रणनीति २.६.१२ (**शासन र विकासका सबै क्षेत्र तथा विषयमा जनसङ्ख्याको विषयलाई मूलप्रवाहीकरण गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.४६ जनसङ्ख्याको विषयलाई उच्च प्राथमिकता दिई समष्टिगत आर्थिक नीति, वित्त नीति लगायत अन्तरसम्बन्धित नीतिमा मूलप्रवाहीकरण गरिनेछ।

२.७.४७ आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा क्षेत्रगत नीति तथा रणनीतिमा लगानीको कार्यढाँचा तयार गर्दा जनसङ्ख्या र विकासको विषयलाई समावेश गरिनेछ।

२.७.४८ जनसङ्ख्या र विकासबीचको अन्तरसम्बन्धका विषयलाई सबै प्रकारका प्राज्ञिक विषय तथा प्रशिक्षणमा समावेश गरिनेछ।

रणनीति २.६.१३ (**मुलुकको आर्थिक तथा सामाजिक विकाससँग सम्बन्धित नीतिलाई जनसङ्ख्या सवालसँग सापेक्ष तुल्याउने।**) सँग सम्बन्धित कार्यनीतिः

२.७.४९ आर्थिक विकासका सबै क्रियाकलापलाई समुन्नत र सुखी जनसङ्ख्याको विषयसँग आबद्ध गरिनेछ।

२.७.५० आर्थिक नीतिमा जनसाङ्ख्यिक लाभको प्राप्ति तथा उपयोगमा बढोत्तरी हुने उपाय अवलम्बन गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२.७.५१ जनसङ्ख्या, दिगो विकास, विकास र वातावरणबीच सामञ्जस्ययुक्त अन्तरसम्बन्ध सुदृढ तुल्याउन जनसङ्ख्या र दिगो विकासबीचको अन्तरसम्बन्धका बारेमा शिक्षा, सूचना, सचेतना तथा पैरवी गरिनेछ।

रणनीति २.६.१४ (**विकासका संरचना तथा पूर्वाधारको निर्माण तथा उपयोगलाई जनसङ्ख्यामा आधारित तुल्याउने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.५२ भौगोलिक दृष्टिले मात्र गरिने विकासको वर्तमान ढाँचालाई जनसाङ्ख्यिक उपयोगिताको आधारमा हुने गरी रूपान्तरण गरिनेछ।

२.७.५३ विकासका पूर्वाधार आयोजना तथा कार्यक्रम सञ्चालन पूर्व नै जनसाङ्ख्यिक प्रभाव मूल्याङ्कन गर्ने प्रणाली अवलम्बन गर्न कानुन तथा कार्यविधि परिमार्जन गरिनेछ।

रणनीति २.६.१५ (**आन्तरिक बसाईंसराईंसम्बन्धी सूचना र तथ्याङ्क प्रणाली सुदृढ गर्दै बसाईसराईंलाई योजनाबद्ध, व्यवस्थित र दिगो बनाउने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.५४ आन्तरिक बसाईसराईंको कारण, प्रभाव र असरका बारेमा लेखाजोखा तथा विश्लेषण गरिनेछ।

२.७.५५ स्थायी तथा अस्थायी रूपमा हुने आन्तरिक बसाईसराईंसम्बन्धी तथ्याङ्क र अभिलेख व्यवस्थित गर्न स्थानीय तहमा आवश्यक प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ।

२.७.५६ श्रमशक्तिको विस्थापन र बसाईसराईं अनुमानयोग्य हुने गरी एकीकृत बस्ती विकास तथा आर्थिक उपार्जनका कार्यक्रम गरिनेछ।

२.७.५७ जलवायु परिवर्तन, प्राकृतिक विपद् एवं महामारीका कारण जनसङ्ख्यामा पर्ने प्रतिकूल असर न्यूनीकरण गर्न रोजगार, पुनर्स्थापना जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.५८ विभेद तथा सीमान्तीकरणका कारण हुन सक्ने बसाईसराईंको अन्त्यका लागि स्थानीय तहमा संरक्षणात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.५९ मुलुकभित्र अन्य स्थानीय तहबाट बसाईसराईं भई आएका अस्थायी बासिन्दालाई समेत कानुनबमोजिम सम्बन्धित स्थानीय तहबाट राज्य प्रदत्त सेवा प्रदान गर्ने प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ।

२.७.६० बसाईसराईंको कारण तराईका सहरी क्षेत्र तथा अर्धसहरी क्षेत्रमा परेको चापलाई सन्तुलित विकास र अवसरमा परिवर्तन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

रणनीति २.६.१६ (**ग्रामीण क्षेत्रमा रोजगार सिर्जना हुने गरी सेवा तथा आर्थिक क्रियाकलाप वृद्धि गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.६१ स्थानीय कच्चा पदार्थ र स्रोत एवं आधुनिक प्रविधिमा आधारित व्यवसाय तथा सामूहिक खेती प्रणाली अवलम्बन गर्न प्रोत्साहन गरिनेछ।

२.७.६२ व्यावसायिक उद्यमका लागि वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराई तथा निजी व्यावसायिक क्षेत्रसँगको सहकार्य र साझेदारी प्रवर्द्धन गरी स्थानीय रोजगारी अभिवृद्धि गरिनेछ।

२.७.६३ ग्रामीण क्षेत्रको बसाईसराईंलाई व्यवस्थित गर्न स्थानीयस्तरमा उत्पादनशील रोजगारी सिर्जना गर्ने गरी सबै शासकीय तहको लगानी वृद्धि गर्न समन्वय र सामञ्जस्य कायम गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२.७.६४ जन्मथलोमा नै जीवन निर्वाह गरी बसोवास गर्ने वातावरण बनाउन आर्थिक उपार्जनका दृष्टिले उपयोगी हुने विकासका पूर्वाधारमा लगानी बढाउने एवं आर्थिक विकासका सबै किसिमका सेवा स्थानीय तहमा नै उपलब्ध हुन सक्ने प्रणाली विकास गरिनेछ।

रणनीति २.६.१७ (**जनसङ्ख्या र वातावरण बीच सामञ्जस्य कायम हुने गरी संरक्षण क्षमता र उत्थानशीलता वृद्धि गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.६५ विपद्, महामारी तथा आपत्कालीन स्थितिलाई समयमा नै प्रतिकार्य गर्न सक्षम प्रणालीको विकास गरिनेछ।

२.७.६६ प्राकृतिक स्रोतहरूमाथि जनसङ्ख्याको दबाबलाई कम गर्न जनसङ्ख्याको सापेक्षिक वितरण तथा वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ।

रणनीति २.६.१८ (**सङ्घ, प्रदेश र स्थानीय तहका नीतिगत, कानुनी, संरचनागत तथा प्रणालीगत व्यवस्थामा लैङ्गिक समानता तथा समावेशीकरणको विषय मूलप्रवाहीकरण गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.६७ राज्यका सबै तहको नीति/रणनीति, योजना, संरचना, कार्यक्रम र बजेटमा साधन स्रोतको प्रक्षेपण र लगानी कार्यढाँचा तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको विषय मूलप्रवाहीकरण गरिनेछ।

२.७.६८ सबै क्षेत्र तथा तहमा लैङ्गिकमैत्री तथा संवेदनशील दृष्टिकोण निर्माण गर्न र सबै किसिमका भेदभाव विरुद्ध सक्रिय बनाउन विद्यालयको आधारभूत तहदेखि उच्च तहसम्म लैङ्गिकता सम्बन्धमा अध्ययन गर्ने व्यवस्था मिलाइनेछ।

२.७.६९ "कोही पनि पछाडि नछुटून्" भन्ने दिगो विकास अवधारणा साकार बनाउन कार्यक्रम तथा बजेटमा लैङ्गिक तथा सामाजिक समावेशीकरण विषय समावेश गर्न समन्वय र सहजीकरण गरिनेछ।

२.७.७० राज्यका सबै शासकीय तहमा लैङ्गिक उत्तरदायी तथा समावेशी कार्यक्रम र बजेट प्रणालीको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन एवं परीक्षण प्रणाली सुदृढ तुल्याइनेछ।

२.७.७१ अनौपचारिक तथा असंगठित क्षेत्रमा कार्यरत व्यक्तिको तथ्याङ्क अभिलेखीकरण गरी बिना ज्यालाका घरायसी काम वा कम ज्याला प्राप्त गरेका कामलाई अर्थतन्त्रमा गरेको योगदानमा गणना हुने प्रणालीको विकास गरी कार्यन्वयनमा ल्याइनेछ।

२.७.७२ दुई पुस्ताबीचको दोहोरो भूमिकामा रहेका कामकाजी महिलाको पेसागत क्षमता तथा वृत्ति विकास र कार्यवातावरण सकारात्मक बनाउन विभिन्न उपाय अवलम्बन गरिनेछ।

२.७.७३ कार्यस्थलमा हुने लैङ्गिक विभेद र शोषणलगायत सबै प्रकारका विभेदको अन्त्य गर्ने प्रणालीको विकास गरी विद्यमान कानुनी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

२.७.७४ उद्योग, व्यवसायलगायत उत्पादनशील अवसर र स्रोतसाधनमा महिलाको पहुँच, सहभागिता र स्वामित्व अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.७५ लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको आर्थिक सामाजिक अवस्था सम्बन्धमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक सर्वेक्षण गरिनेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

रणनीति २.६.१९ (**बहुआयामिक गरिबीमा रहेका, सीमान्तीकृत, विभेद, वञ्चिति र विभिन्न जोखिममा रहेका व्यक्तिको सामाजिक सुरक्षा र संरक्षणात्मक न्याय समेतका लागि आधारभूत सेवासहित आर्थिक तथा सामाजिक संरक्षण गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.७६ विपन्न, वञ्चितिमा परेका तथा सीमान्तीकृत र जोखिममा रहेका समुदायका व्यक्तिका लागि लक्षित आवास तथा जीविकोपार्जन सुधारका कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.७७ सीमान्तीकृत तथा लोपोन्मुख जातिको संरक्षण गर्न विशेष तथा विस्तारित कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.७८ शारीरिक तथा मानसिक रूपले अशक्तलगायत जटिल स्वास्थ्य अवस्थामा रहेका लक्षित वर्गका व्यक्तिहरूका लागि विशेष स्वास्थ्य सेवा तथा मनोसामाजिक सेवा निःशुल्क तथा सहज रूपमा उपलब्ध गराइनेछ।

२.७.७९ जोखिममा रहेका, सीमान्तीकृत, दलित र विपन्न नागरिकका लागि कानुनबमोजिम निःशुल्क स्वास्थ्य बीमा र कानुनी सहायता सेवा थप प्रभावकारी बनाइनेछ।

२.७.८० बहुआयामिक गरिबीमा रहेका, सीमान्तीकृत, विभेद तथा वञ्चितिमा परेका तथा जोखिमको स्थितिमा रहेका व्यक्तिको स्वास्थ्य सेवा, शिक्षा तथा मानव विकास सेवामा पहुँचयोग्यता र उपयोगिताको सम्बन्धमा जवाफदेहिता परीक्षण गर्ने विधि अवलम्बन गरिनेछ।

२.७.८१ काठमाडौं उपत्यका तथा अन्य सहरी क्षेत्रमा अस्थायी बसोबास गरेका जनसङ्ख्याको अवस्था थाहा पाउन अस्थायी जनसङ्ख्या (Floating Population) सर्वेक्षण गरिनेछ।

रणनीति २.६.२० (**लिङ्ग, वर्ग तथा जातीयतामा आधारित सबै प्रकारका हिंसा तथा विभेदको अन्त्यका लागि कानुनी, संस्थागत तथा प्रणालीगत क्षमता सुदृढ गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.८२ सबै प्रकारका हिंसा र विभेदको अन्त्यका लागि स्थानीय तहको न्यायिक प्रणाली सुदृढीकरण तथा लैङ्गिक हिंसा प्रभावितका लागि राज्यका तीनै तहमा निःशुल्क कानुनी सहायता प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

२.७.८३ महिला, किशोरी तथा बालिका लैङ्गिक एवं यौनिक अल्पसङ्ख्यकको मर्यादा विपरीतका हानिकारक सामाजिक कुप्रथा र प्रचलन विरुद्ध समुदायस्तरसम्म अभियान सञ्चालन गरिनेछ।

२.७.८४ लैङ्गिक तथा यौनजन्य हिंसा प्रभावित व्यक्तिका लागि लैङ्गिक समतामुखी कार्यक्रम, रोजगारी, उद्यमशीलता विकास, आर्थिक सशक्तीकरण तथा सामाजिक पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.८५ "बालविवाह मुक्त नेपाल", बीस वर्षको उमेर पूरा भएपछि मात्र विवाह, मनोवैज्ञानिक रूपमा सक्षम भएपछि मात्र सन्तान भन्ने अवधारणा साकार पार्न विभिन्न अभियानमूलक कार्यक्रम कार्यान्वयन गरिनेछ।

२.७.८६ लिङ्ग छनौट गर्ने प्रवृत्तिमा पूर्णरूपमा रोकथामका लागि निरोधात्मक उपाय अवलम्बन गर्न प्रभावकारी प्रणालीको व्यवस्था मिलाई कानुन कार्यान्वयनलाई सबल तुल्याइनेछ।

२.७.८७ उपचार, सुरक्षा, कानुनी सहायता, न्याय तथा पुनर्स्थापन सम्मका लैङ्गिक हिंसा विरुद्धका कार्यहरू एकै ठाउँबाट सम्पादन गर्न एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) को विस्तार तथा संस्थागत सुदृढीकरण गरी सक्षमता अभिवृद्धि गरिनेछ।

२.७.८८ सबै निकाय तथा प्रतिष्ठानमा सबै प्रकारका जातीय, लैङ्गिक तथा वर्गीय विभेद र शोषण एवं छुवाछुतको अन्त्यका लागि संस्थागत संहिता कार्यान्वयनमा ल्याउने उपाय अवलम्बन गरिनेछ।

२.७.८९ ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सेवा प्रणालीमा स्वयंसेवा पद्धति विस्तार गर्न युवा समुदायको उपयोग गर्ने विधि अवलम्बन गरिनेछ।

रणनीति २.६.२१ (**लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको समान अधिकारको संरक्षण गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.९० लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको सामाजिक तथा आर्थिक स्थिति र विशेष आवश्यकताको पहिचान गरी आर्थिक तथा सामाजिक सशक्तीकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.९१ आधारभूत मानव विकास सेवामा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिको पहुँच सुनिश्चितता गर्न मनोसामाजिक विमर्श सेवा उपलब्ध गराइनेछ।

रणनीति २.६.२२ (**यौन तथा प्रजनन स्वास्थ्य अधिकारको संरक्षण तथा सम्बद्ध सेवाको विस्तार गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.९२ ग्रामीण महिला लक्षित प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवालगायत सबैका लागि आधारभूत यौन तथा प्रजनन स्वास्थ्य सेवा, सुरक्षित मातृत्व तथा शिशुस्याहार सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा प्रदायकको क्षमतामा थप सुधार गरिनेछ।

२.७.९३ सबैका लागि गुणस्तरीय स्वास्थ्य सेवासम्बन्धी शिक्षा, सूचना तथा सञ्चार विस्तार गरिनेछ।

२.७.९४ बाँझोपनको समस्या भोगिरहेको व्यक्तिहरूका लागि आवश्यक रोकथाम स्वास्थ्य उपचार सेवा तथा मनोविमर्श सेवालाई विस्तार र पहुँचयोग्य तुल्याइनेछ।

२.७.९५ एच.आई.भि. लगायत विभिन्न यौनजन्य संक्रमणहरूको निरोध तथा उपचारका व्यवस्थालाई पहुँचयोग्य तथा सहज तुल्याइने प्रणाली निर्माण गरिनेछ।

२.७.९६ चिकित्सकीय तथा कानुनी आधारमा गरिने सुरक्षित गर्भपतन सेवा प्रणाली सुदृढ गरिनेछ।

२.७.९७ गर्भवती, सुत्केरी महिला तथा बालबालिकामा हुनसक्ने रक्तअल्पता, कुपोषण लगायतका अन्य सम्भाव्य स्वास्थ्य समस्या तथा जोखिमको व्यवस्थापनका लागि विशिष्टिकृत सीप विकास हुने गरी मिडवाइफरी शिक्षालाई प्राथमिकताका साथ विस्तार गरी कार्यान्वयन गरिनेछ।

२.७.९८ अति गरिब, सीमान्तीकृत, त्रिभेदमा रहेका महिलाको प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्वसम्बन्धी अधिकारको संरक्षण गर्न बहुपोषण कार्यक्रम विस्तार गरिनेछ।

२.७.९९ नवजात शिशु तथा बालबालिकामा लाग्न सक्ने सम्भाव्य रोग तथा शारीरिक तथा मानसिक अपाङ्गताको पूर्वपहिचान गरी समाधान गर्ने प्रणालीमा सुधार गरिनेछ।

रणनीति २.६.२३ (**बाल संरक्षण, बालबालिकाको बाँच्न पाउने अधिकार, बाल सहभागिता र बालविकासका सवाललाई प्रारम्भिक बाल विकाससँग एकाकार गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.१०० बाल अधिकारसम्बन्धी संवैधानिक व्यवस्था, अन्तराष्ट्रिय महासन्धि एवं अभिसन्धिको प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

२.७.१०१ बाल अधिकार संरक्षणसम्बन्धी विषयमा जनचेतना अभिवृद्धि गर्न प्रदेश तथा स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिनेछ।

२.७.१०२ प्रदेश तथा स्थानीय तहमा बाल अधिकार संरक्षणको लागि सक्षम अन्तरतहगत तथा अन्तरक्षेत्रगत समन्वय संयन्त्र सुदृढ गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

२.७.१०३ प्रारम्भिक बालविकास केन्द्रहरूमा बाल अधिकार समावेशी प्रणाली विस्तार र सुदृढ गरिनेछ।

२.७.१०४ बालअधिकारको संरक्षण गर्न लगानी सुनिश्चित गरिनेछ।

रणनीति २.६.२४ (**जनसङ्ख्या सम्बद्ध एकीकृत सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रणाली सुदृढ गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.१०५ जनसाङ्ख्यिक महत्त्वका व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्कीय प्रणाली (Civil Registration and Vital Statistics) एवं सम्बन्धित सरकारी निकायहरूको एकीकृत र स्वचालित प्रतिवेदन तयार गर्न बन्ने प्रणालीको विकास गरी राज्यबाट उपलब्ध हुने सेवा सुविधा र राष्ट्रिय विकास योजनासँग आबद्ध गरिनेछ।

२.७.१०६ प्रत्येक स्थानीय तहमा श्रम तथा शैक्षिक आप्रवासन र बसाईसराईँ बारे एकीकृत तथा स्वचालित प्रतिवेदन तयार गर्ने प्रणाली विकास गरी सूचना तथा तथ्याङ्कलाई सङ्घ र प्रदेश तहका सूचना सञ्जालमा एकीकृत गरिनेछ।

२.७.१०७ जन्म, मृत्यु र बसाईसराइँका गतिविधि ट्रयाकिंग गर्न व्यक्तिगत जनसाङ्ख्यिक पार्श्वचित्र (Personal Demographic Profile) तयार गरिनेछ।

२.७.१०८ राज्यबाट प्रदान गर्ने सार्वजनिक सेवालाई थप प्रभावकारी, व्यवस्थित र छिटोछरितो बनाउन राष्ट्रिय परिचयपत्रसँग आबद्ध गरिनेछ।

रणनीति २.६.२५ (**जनसङ्ख्या अभिलेख तथा सूचना व्यवस्थापनका लागि संस्थागत सबलीकरण गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.१०९ जनसङ्ख्यासम्बन्धी कार्य गर्न जनसङ्ख्या अभिलेख तथा सूचना केन्द्र स्थापना गरिनेछ।

२.७.११० जनसङ्ख्या व्यवस्थापनमा सूचना प्रविधिको योजनावद्ध र व्यवस्थित उपयोगका लागि डिजिटाइजेसन र डिजिटलाइजेसनको कार्यनीति कार्यान्वयनमा ल्याइनेछ।

२.७.१११ जनसङ्ख्यासम्बन्धी विषयमा ज्ञानको व्यवस्थापन र विशेषज्ञ सञ्जालको निर्माण गरी उपयोग गरिनेछ।

रणनीति २.६.२६ (**जनसाङ्ख्यिक विषयका अनुसन्धान, सर्वेक्षण लगायतका कार्यहरू एकद्वार प्रणालीबाट हुने व्यवस्था गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.११२ जनसाङ्ख्यिक विषयको अध्ययन, अनुसन्धान, सर्वेक्षण र विश्लेषण गर्ने कार्य एकद्वारबाट हुने गरी मापदण्ड तयार गरिनेछ।

२.७.११३ जनसाङ्ख्यिक गतिविधि तथा प्रवृत्तिमा आएको परिवर्तन एवं तिनका प्रभावका बारेमा विषयकेन्द्रित अध्ययन अनुसन्धान प्रतिवेदन तयार गरिनेछ।

२.७.११४ जनसङ्ख्या व्यवस्थापन संलग्न निकाय ,विश्वविद्यालयको जनसङ्ख्या अध्ययन विभाग एवं अन्य प्राज्ञिक निकाय, अनुसन्धान संस्थासँग आपसी सहकार्य र साझेदारीका लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ।

२.७.११५ जनसङ्ख्या तथा विकासका विषयमा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग समझदारी गरी अनुसन्धान तथा सर्वेक्षणको क्षमता अभिवृद्धि गरिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

रणनीति २.६.२७ (**जनसङ्ख्या व्यवस्थापन कार्यलाई कार्यमूलक, जिम्मेवार र जवाफदेही बनाउन आवश्यक संस्थागत, कानुनी एवं वित्तीय व्यवस्था सुदृढ गर्ने**) सँग सम्बन्धित कार्यनीतिः

२.७.११६ जनसङ्ख्या व्यवस्थापनको विषयलाई कार्यमूलक, जिम्मेवारयुक्त र नतिजामुखी बनाउन संस्थागत सुदृढीकरण गरिनेछ।

२.७.११७ राज्यका तीन तहका सरकारको जनसङ्ख्या व्यवस्थापनको विषयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जनसङ्ख्या व्यवस्थापन सम्बन्धी सङ्घीय कानुन तर्जुमा गरिनेछ ।

२.७.११८ प्रदेश तथा स्थानीय तहमा जनसङ्ख्या र विकासको कार्य जिम्मेवारी वहन गर्ने गरी संस्थागत तथा कार्य प्रणालीगत क्षमताको विकास गरिनेछ।

२.७.११९ जनसङ्ख्या व्यवस्थापनका विषयमा व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्न कानुन बमोजिम वित्तीय कोष स्थापना गरी कार्यान्वयन गरिनेछ।

२.७.१२० राज्यका तीन तहको समन्वयमा जनसङ्ख्या सम्बन्धी एकीकृत प्रतिवेदन गर्ने स्वचालित प्रणाली स्थापित गर्न जनसङ्ख्या व्यवस्थापन मार्गदर्शन तयार गरी लागु गरिनेछ।

## परिच्छेद ३: नीति कार्यान्वयन

### ३.१ संस्थागत व्यवस्था

(क) यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तथा समन्वय गर्न देहायबमोजिम राष्ट्रिय जनसङ्ख्या निर्देशन तथा समन्वय समिति रहनेछः

| | | |
|---|---|---|
| १. | मन्त्री, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | अध्यक्ष |
| २. | सदस्य, राष्ट्रिय योजना आयोग (जनसङ्ख्या हेर्ने) | सदस्य |
| ३. | सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| ४. | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सदस्य |
| ४. | सचिव, अर्थ मन्त्रालय | सदस्य |
| ५. | सचिव, गृह मन्त्रालय | सदस्य |
| ६. | सचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य |
| ७. | सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| ८. | सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | सदस्य |
| ९. | सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सदस्य |
| १०. | सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| ११. | सचिव, युवा तथा खेलकूद मन्त्रालय | सदस्य |
| १२. | सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | सदस्य |
| १३. | प्रमुख तथ्याङ्क अधिकारी, राष्ट्रिय तथ्याङ्क कार्यालय | सदस्य |
| १४. | विभागीय प्रमुख, जनसङ्ख्या अध्ययन केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| १६. | प्रमुख, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल/नेपाल नगरपालिका सङ्घ (१/१ जना) | सदस्य |
| १७. | सचिव, जनसङ्ख्या विषय हेर्ने प्रदेश मन्त्रालय | सदस्य |

१८. जनसङ्ख्या विषय विज्ञहरू मध्येबाट स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मनोनित गरेका कम्तीमा एक जना महिलासहित दुई जना — सदस्य

१९. प्रमुख, जनसङ्ख्या व्यवस्थापन महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय — सदस्य सचिव

समन्वय समितिको सचिवालयको कार्य स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जनसङ्ख्या व्यवस्थापन महाशाखाले गर्नेछ।

(ख) जनसङ्ख्या सम्बन्धी नीति, योजना तथा रणनीतिको कार्यान्वयन गर्ने गराउने, निकायगत एवं अन्तरतहगत समन्वय र सामञ्जस्य कायम गर्ने लगायतका कार्यसम्पादन गर्न आवश्यक संस्थागत व्यवस्था गरिनेछ।

(ग) प्रदेश तथा स्थानीय तहबाट जनसाङ्ख्यिक कार्य जिम्मेवारी वहन गर्ने व्यवस्थाका लागि आवश्यक प्रबन्ध गरिनेछ।

### ३.२ कानुनी व्यवस्था

जनसङ्ख्या व्यवस्थापन, जनसङ्ख्या र विकासबीचको अन्तरसम्बन्ध, जनसङ्ख्या नियमन लगायतका विषयमा कानुनी आधार प्रदान गर्न तथा यस सम्बन्धी कार्यलाई एकीकृत तुल्याउन छाता कानुनका रूपमा सङ्घीय जनसङ्ख्या व्यवस्थापन ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। राज्यका तीन तहमा जनसाङ्ख्यिक गतिशीलता लगायत जनसङ्ख्या व्यवस्थापनका बहुआयामिक विषयलाई सम्बोधन गर्न सङ्घीय तहमा एकीकृत प्रतिवेदन तयार गर्ने स्वचालित प्रणाली र जनसङ्ख्या व्यवस्थापन मार्गदर्शन कार्यान्वयनमा ल्याइनेछ।

### ३.३ वित्तीय व्यवस्था

जनसाङ्ख्यिक विषयलाई मुलुकको समष्टिगत आर्थिक नीति, क्षेत्रगत वित्त नीति, सरकारको मध्यकालीन खर्च संरचना र वार्षिक नीति, कार्यक्रम र बजेटमा समावेश गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा आवश्यक समन्वय र सामञ्जस्य कायम गरिनेछ। यस क्षेत्रको लगानीलाई योजनाबद्ध र व्यवस्थित तुल्याउन आवधिक योजना तथा बजेटमा जनसङ्ख्या केन्द्रित विकासको क्षेत्रलाई उच्च प्राथमिकतासहित लगानी गरिनेछ। अन्तर्राष्ट्रिय विकास साझेदार र सरोकारवाला समेतको वित्तीय तथा प्राविधिक योगदानलाई प्रोत्साहन गरी सहयोग र सहभागिता परिचालन गरिनेछ। जनसङ्ख्या व्यवस्थापनका विषयमा निजी क्षेत्रसमेतको सहभागिताको लागि कानुन बमोजिम व्यावसायिक क्षेत्रको संस्थागत सामाजिक जिम्मेवारीसम्बन्धी वित्तीय कोष स्थापना गरी कार्यान्वयन गरिनेछ।

### ३.४ नीति समन्वय र सामञ्जस्य

जनसङ्ख्यासम्बन्धी विषय सबै क्षेत्रसँग अन्तरसम्बन्धित भएकाले विषयगत, क्षेत्रगत तथा अन्तरतहगत समन्वय र सामञ्जस्य कायम गरी यस नीतिको कार्यान्वयन गरिनेछ। प्रदेश तथा स्थानीय तहमा नीतिगत, संरचनागत तथा प्रणालीगत एवं कार्यविधिगत पक्षमा जनसङ्ख्या नीतिको मूलप्रवाहीकरण गरिनेछ।

नेपाल सरकारका क्षेत्रगत तथा विषयगत मन्त्रालय तथा निकाय एवं प्रदेश तथा स्थानीय तहका निकायले जनसङ्ख्याको विषयमा रणनीति निर्माण र कार्यान्वयन गर्दा यो नीति मार्गदर्शनका रूपमा रहनेछ। सङ्घ, प्रदेश र स्थानीय तहबाट यस नीतिको कार्यान्वयनलाई प्रभावकारिता प्रदान गर्न राज्यका सबै तहमा क्षेत्रगत

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

तथा विषयगत रूपमा नीतिको मूलप्रवाहीकरण तथा एकाकार गर्ने; उपयुक्त संस्थागत व्यवस्था गर्ने; कार्यक्रम तथा बजेटमा प्राथमिकता दिने; दिगो रूपमा स्रोतको व्यवस्थापन गर्ने; जवाफदेही प्रणाली स्थापना गर्ने; अनुगमन, समीक्षा तथा मूल्याङ्कन गर्ने; सहकार्य र साझेदारी प्रवर्धन गर्ने लगायतका पद्धति अवलम्बन गरिनेछ।

प्रदेश तथा स्थानीय तहमा यस नीति कार्यान्वयनको अनुकुल वातावरण निर्माण गर्ने, सचेतना र पैरबी गर्ने एवं क्षमता विकासका लागि प्राविधिक सहयोग उपलब्ध गराउने कार्य स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्नेछ।

### ३.५ जोखिम पहिचान र व्यवस्थापन

यस नीतिको कार्यान्वयनमा अपेक्षित रूपमा आर्थिक, मानवीय र भौतिक स्रोतको उपलब्धता नहुने जोखिम देखिन्छ। नेपालको संविधानबमोजिम राज्यका तीन तहको साझा विषय भए तापनि यस नीतिको कार्यान्वयन गर्न प्रदेश तथा स्थानीय तहबाट हुने योजना, बजेट तथा कार्यक्रममा मूलप्रवाहीकरण र समन्वय, कार्यान्वयन व्यवस्था (संस्थागत क्षमता, विधि र पद्धति, कार्यान्वयनको मनोविज्ञान आदि) को सक्षमता, दिगो लगानीका लागि स्रोतको सुनिश्चितता तथा उपयोगको क्षमता, जनसङ्ख्या र विकासका विषयमा सकारात्मक मनोभाव, सबै क्षेत्रगत तथा विषयगत निकायले जनसङ्ख्या र विकासको विषयलाई दिने प्राथमिकता र अपनत्वका विषय जोखिमका रूपमा रहेका छन्। नीतिमा उल्लिखित विषयमा अवधारणागत स्पष्टता र समान बुझाइको अवस्था नरहने जोखिम पनि उत्तिकै छ।

पहिचान गरिएका जोखिमको सम्बोधनका लागि स्पष्ट रणनीतिक योजनासहित कार्यसम्पादन व्यवस्थापन सक्षमताका उपाय अवलम्बन गर्ने, नतिजा सूचकसहित कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादन प्रति जवाफदेही बनाउने, तथ्यगत प्रमाणमा आधारित अनुगमन र मूल्याङ्कन गर्ने, वित्तीय जोखिम न्यूनीकरणका लागि वित्तीय सुशासन कायम गर्ने, नतिजामूलक वित्तीय कार्यसम्पादन व्यवस्थापन र समस्याको समाधान तथा जोखिमको न्यूनीकरणका लागि राष्ट्रिय तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा प्रस्तुत गरी सम्भाव्य उपाय अपनाउने, सङ्घीयता अनुरूप तीन तहका सरकारबीच नीतिको प्रभावकारी कार्यान्वयनका लागि नीति कार्यान्वयनदेखि पृष्ठपोषणसम्म आपसी समन्वय गर्ने संयन्त्र निर्माण गरी कार्यान्वयन गर्ने, प्रदेश तथा स्थानीय तहमा समेत अनुगमन र समीक्षाका आधारमा जोखिमको पहिचान गरी समाधान गर्ने उपयुक्त संयन्त्रको व्यवस्था गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ। नीति कार्यान्वयनलाई थप व्यवस्थित गरी एकरूपता कायम गर्न निरन्तर प्रशिक्षण, अभिमुखीकरण, पैरवी एवं संवाद जस्ता कार्यहरू गरिनेछ।

### ३.६ अनुगमन र मूल्याङ्कन तथा नीति पुनरावलोकन

(क) यस नीतिले परिलक्षित गरेको उद्देश्य अनुरूपको उपलब्धि र नतिजा हासिल गर्नका लागि देहायबमोजिमको अनुगमन र मूल्याङ्कन व्यवस्था कार्यान्वयनमा ल्याइनेछः

(१) नीति कार्यान्वयनको अनुगमन र जनसङ्ख्यालाई व्यवस्थित एवं पारदर्शी तुल्याउन छुट्टै अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाइ कार्यान्वयनमा ल्याउने।

(२) नीतिको उपलब्धिको अनुगमन तथा मूल्याङ्कन गर्न नीति कार्यान्वयन कार्यढाँचा तथा कार्यसम्पादन नतिजा परीक्षण सूचक निर्माण गरी उपयोग गर्ने।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(३) नीतिको आवधिक रूपमा गरिने समीक्षा तथा मूल्याङ्कनलाई राष्ट्रिय विकास समस्या समाधान समिति तथा प्रदेश विकास समस्या समाधान समितिमा आबद्ध गरी नीतिगत कार्य सम्पादन र प्रगतिको समीक्षा गर्ने तथा कार्यान्वयन तहको समस्याको पहिचान गरी समाधान गर्ने विधि अवलम्बन गर्ने।

(४) नीतिको कार्यान्वयनको अनुगमन र मूल्याङ्कनलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र प्रदेश तथा स्थानीय तहको चौमासिक तथा वार्षिक समीक्षा पद्धतिमा एकाकार गर्ने।

(५) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन संयन्त्रलाई नीति कार्यान्वयनको नतिजामूलक उपलब्धि र प्रभावकारितासँग आबद्ध गर्ने।

(६) नीतिको अनुगमन र मूल्याङ्कनलाई वस्तुगत तथ्य र प्रमाणमा आधारित तुल्याउन सूचनाको सञ्जालीकरण तथा सूचना प्रविधिमा आधारित प्रतिवेदन प्रणाली स्थापित गर्ने।

(७) स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जनसङ्ख्या व्यवस्थापन महाशाखा एवं प्रदेश तथा स्थानीय तहलाई जिम्मेवार तुल्याउने गरी संस्थागत क्षमता सुदृढ गर्ने।

(८) प्रदेश तथा स्थानीय तहसमेतको नीतिसम्बन्धी कार्य प्रगति अवस्थाको सम्बन्धमा सङ्घीय तहमा एकीकृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने।

(९) यस नीतिको कार्यान्वयनको मूल्याङ्कनको जिम्मेवारी देहायबमोजिम हुनेछः

क. प्रभाव तहको मूल्याङ्कन

१. राष्ट्रिय विकास समस्या समाधान समिति

२. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

३. राष्ट्रिय योजना आयोग

४. राष्ट्रिय जनसङ्ख्या निर्देशक तथा समन्वय समिति

ख. योजना तथा कार्यक्रम तहको कार्यसम्पादन र उपलब्धिको मूल्याङ्कन

१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

२. राष्ट्रिय जनसङ्ख्या निर्देशक तथा समन्वय समिति

ग. नीति परीक्षण

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

२. नीति अनुसन्धान प्रतिष्ठान

घ. प्रदेश तहमा नीति कार्यान्वयनको मूल्याङ्कन

१. प्रदेश सरकार

ङ. स्थानीय तहमा नीति कार्यान्वयनको मूल्याङ्कन

१. स्थानीय तह

(१०) जनसङ्ख्या क्षेत्रको आर्थिक तथा सामाजिक योगदानलाई तथ्यगत प्रमाणमा आधारित तुल्याउन जनसङ्ख्या विषयका विभिन्न सर्वेक्षण तथा अनुसन्धानको कार्यलाई थप सुदृढ गर्ने।

(११) नीतिको कार्यान्वयन प्रभावकारिताको तेस्रो पक्षबाट समेत स्वतन्त्र रूपमा मूल्याङ्कन गराउने।

(१२) यस नीतिको स्वतन्त्र रूपमा गरिने नीति परीक्षण (Policy Audit) प्रत्येक तीन वर्षमा नीति अनुसन्धान प्रतिष्ठानबाट गराउने।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

(ख) **नीति पुनरावलोकन, परिमार्जन र सुधार**

यस नीतिको कार्यान्वयन अवधि कार्यान्वयन सुरु भएको आर्थिक वर्षले दश वर्षको हुनेछ। प्रत्येक वर्ष नीति कार्यान्वयनको समीक्षा एवं मूल्याङ्कन गरिनेछ। नीति कार्यान्वयन भएको ५ वर्षमा नीतिको मध्यावधि मूल्याङ्कन गरिनेछ। समीक्षा तथा मूल्याङ्कनका आधारमा कार्यान्वयनमा देखिएका समस्या समाधान गरी कार्यान्वयन व्यवस्थामा आवश्यक परिमार्जन र सुधार गर्दै लगिनेछ। राष्ट्रिय जनसङ्ख्या निर्देशन तथा समन्वय समितिको बैठकमा नीति कार्यान्वयनको उपलब्धिको समीक्षा गरिनेछ। मूल्याङ्कन तथा समीक्षाबाट प्राप्त सुझावसमेतका आधारमा नेपाल सरकारले नीतिको परिमार्जन तथा सुधार गर्नेछ। प्रदेश सरकार एवं स्थानीय तहसमेतको पृष्ठपोषण र सुझावका आधारमा नीतिको प्रभावकारिताको मूल्याङ्कन गरिनेछ।

**३.७ नीति कार्यान्वयन कार्ययोजना**

नीतिको समयबद्ध कार्यान्वयनका लागि कार्यान्वयन कार्ययोजनामा प्राथमिकताका कार्यक्रम तथा क्रियाकलाप, जिम्मेवार निकाय तथा सहयोगी निकाय, कार्यान्वयन सुरु गर्ने र कार्यसम्पन्न गर्ने समयावधि, अनुगमनको तरिका तथा अनुगमनका उपलब्धि तथा नतिजा सूचकसहितको कार्यतालिका समावेश गरिएको छ। नीति कार्यान्वयन कार्ययोजना अनुसूची-२ मा संलग्न छ।

**३.८ नीति खारेजी र बचाउ**

(क) राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ खारेज गरिएको छ।

(ख) राष्ट्रिय जनसङ्ख्या नीति, २०७१ बमोजिम भए गरेका काम कारबाही यसै नीतिबमोजिम भए गरेको मानिनेछ।

(ग) यस नीतिको कार्यान्वयनका सन्दर्भमा कुनै द्विविधा वा बाधा अड्काउ परेमा त्यसको व्याख्या स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले गर्नेछ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-१: नीतिको विशिष्ठ, मापनयोग्य र परिमाणात्मक लक्ष्यहरू

(खण्ड २.३ को (ख) सँग सम्बन्धित)

| क्र.सं. | विशिष्ट तथा मापनयोग्य नतिजाका सूचक | एकाइ | आधार वर्ष २०७९/८० | लक्ष्य २०८६/८७ |
|---|---|---|---|---|
| १ | १५ देखि १९ वर्ष उमेर समूहका किशोरीको प्रजननदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | ६३ | ३० |
| २ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.३ | ७५ |
| ३ | मातृ मृत्यु अनुपात (प्रति १ लाख जीवित जन्ममा) | सङ्ख्या | १५१ | ७० |
| ४ | पाँच वर्ष मुनिका बालबालिकाको मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | ३३ | २० |
| ५ | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | सङ्ख्या | २१ | १२ |
| ६ | न्यून पोषित जनसङ्ख्या | प्रतिशत | २०.६ | ३ |
| ७ | परिवार नियोजनसम्बन्धी आवश्यकता आधुनिक विधि/प्रविधि/साधनद्वारा पूरा भएका प्रजनन उमेरका (१५ देखि ४९ वर्ष उमेरका) महिलाको अनुपात | प्रतिशत | ७४ | ८० |
| ८ | कुल साक्षरता दर | प्रतिशत | ७६.३ | ९९ |
| | महिला | प्रतिशत | ६९.४ | ९९ |
| | पुरुष | प्रतिशत | ८३.६ | ९९ |
| ९ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६ | २५०० |
| १० | पाँच वर्ष मुनिका जन्मदर्ता भएका बालबालिका | प्रतिशत | ७४ | ९५ |
| ११ | स्वास्थ्य बीमामा आवद्ध जनसङ्ख्या | प्रतिशत | २१ | १०० |
| १२ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | ०.९० |
| १३ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.२९ | ०.०५ |
| १४ | लैङ्गिक सशक्तीकरण मापन सूचकाङ्क | सूचकाङ्क | ०.६३ | ०.६९ |
| १५ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०१ | ०.७० |
| १६ | ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा मिलन केन्द्र | स्थानीय तह | २२५ | ७५३ |

स्रोतः नेपालको संविधान; राष्ट्रिय जनगणना, २०७८; सोह्रौं आवधिक योजना; नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२; दिगो विकास लक्ष्यहरू, २०३० को भावी मार्गचित्र; श्रम आप्रवासन सम्बन्धी प्रतिवेदनहरू

## अनुसूची-२: नीति कार्यान्वयन कार्ययोजना
(खण्ड ३.७ सँग सम्बन्धित)

| क. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक तथा निजी क्षेत्रको विकासका लागि उत्पादनशील जनशक्तिको वर्तमान अवस्था र आवश्यकताको लेखाजोखा, विश्लेषण र नक्साङ्कन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; राष्ट्रिय तथ्याङ्क कार्यालय | २ वर्ष | उत्पादनशील जनशक्तिको आवश्यकताको लेखाजोखा, विश्लेषण र नक्साङ्कन भएको हुने। |
| २ | क. जनशक्ति विकास तथा मानव पुंजी उपयोगको राष्ट्रिय रणनीतिक योजना निर्माण गर्न बहुपक्षीय सामाजिक संवाद गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; राष्ट्रिय योजना आयोग | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ५ वर्ष | जनशक्ति विकास तथा मानव पुँजी उपयोगको राष्ट्रिय रणनीतिक योजना निर्माणको लागि सामाजिक संवाद भएको हुने। |
| | ख. मानव पुँजी उपयोगको राष्ट्रिय रणनीतिक योजना तयार गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | १ वर्ष | मानव पुँजीको उपयोगको रणनीतिक योजना निर्माण भएको हुने। |
| ३ | विद्यमान शिक्षा प्रणालीको युवा उद्यमशीलता र रोजगारी केन्द्रित लेखाजोखा तथा विश्लेषण गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २ वर्ष | शिक्षा प्रणालीलाई उद्यमशीलता, रोजगारी तथा उत्पादनका दृष्टिले लेखाजोखा तथा विश्लेषण भएको हुने। |
| ४ | क. विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रममा व्यावसायिक विषय समावेश गर्न छलफल संवाद गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; प्रदेश तथा स्थानीय तह | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, विश्वविद्यालयहरू | १ वर्ष | विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रममा व्यावसायिक विषय समावेश गर्न छलफल संवाद भएको हुने। |
| | ख. विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रममा व्यावसायिक विषय समावेश गर्न सिफारिस गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २ वर्ष | विद्यालय तथा उच्च शिक्षाका पाठ्यक्रममा व्यावसायिक विषय समावेश भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५ | सङ्घ, प्रदेश र स्थानीय तहको बजेट तथा कार्यक्रममा मानव पुँजी निर्माणका लागि लगानी बढाउन न्यूनतम सीमा निर्धारण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, अर्थ मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | तीनै तहका सरकारको बजेट तथा कार्यक्रममा मानव पुँजी निर्माणका लागि लगानी बढाउन न्यूनतम सीमा निर्धारण भएको हुने। |
| ६ | कृत्रिम बौद्धिकता तथा सूचना प्रविधिको क्षेत्रमा लगानी बढाउन मापदण्ड बनाई कार्यान्वयन गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ३ वर्ष | डिजिटल विश्व, कृत्रिम बौद्धिकता तथा सूचना प्रविधिको सकारात्मक प्रभाव वृद्धि हुने गरी लगानी भएको हुने। |
| ७ | कृत्रिम बौद्धिकताका साथै आधुनिक प्रविधिको महत्तम उपयोगद्वारा युवा वर्ग खास गरी जेन जेड(Gen Z) पुस्ता लक्षित स्टार्टअप तथा व्यवसाय प्रवर्द्धन कार्यक्रम गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | ३ वर्ष | आधुनिक उत्पादन प्रविधि तथा व्यवसायको विकासमा युवा खास गरी जेन जेड (Gen Z) पुस्तालाई आकर्षित गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन भएको हुने। |
| ८ | युवा उद्यमशीलता प्रवर्द्धन एवं रोजगार प्रशिक्षण कार्यक्रम गर्ने । | प्रदेश सरकार, स्थानीय तह | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | २ वर्ष | स्थानीय तहमा उद्यमशीलता एवं रोजगार तथा व्यवसाय विकास भएको हुने। |
| ९ | पर्यटन व्यवसाय, आधुनिक खेती प्रणाली, पूर्वाधार विकास, वन पैदावार प्रशोधन जस्ता सम्भाव्य आर्थिक क्षेत्रमा लगानी वृद्धि गरी क्षेत्रगत रोजगार र स्वरोजगार कार्यक्रम गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय; संस्कृति, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालय; वन तथा वातावरण मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ३ वर्ष | पर्यटन व्यवसाय लगायत सम्भाव्य आर्थिक क्षेत्रमा लगानी वृद्धि गरी रोजगारी र स्वरोजगारका कार्यक्रम सञ्चालन भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १० | क. युवा वर्गमा "काम गर्ने र कामप्रति सम्मान "गर्ने संस्कृतिको विकास गर्न हरेक कामको लागि धन्यवादसहित प्रशंसा गर्ने अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ३ वर्ष | युवा वर्गमा "काम गर्ने र कामप्रति सम्मान "गर्ने संस्कृतिको विकासका लागि अभियानमूलक कार्यक्रम सञ्चालन भएको हुने। |
| | ख. हरेक निकायमा राम्रो काम गर्ने कर्मचारीको साप्ताहिक तथा मासिक मूल्याङ्कन गरी प्रशंसा गर्ने अभियान चलाउने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ४ वर्ष | हरेक निकायमा राम्रो काम गर्ने कर्मचारीको साप्ताहिक तथा मासिक मूल्याङ्कन भएको हुने। |
| ११ | स्नातक तह अध्ययनरत विद्यार्थीहरूलाई कुनै एक व्यावसायिक सीप हासिल गर्ने गरी छोटो अवधिको सीपमूलक तालिम अभियान चलाउने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | ४ वर्ष | स्नातक तह अध्ययनरत विद्यार्थीहरूलाई छोटो अवधिको सीपमूलक तालिम प्राप्त भएको हुने। |
| १२ | तथ्याङ्क र जनसङ्ख्या विषय अध्ययनरत विद्यार्थीहरूका लागि इन्टर्नसीपको व्यवस्था गरी सो विषयसम्बन्धी व्यवहारिक ज्ञान र क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ४ वर्ष | तथ्याङ्क र जनसङ्ख्या विषय अध्ययनरत विद्यार्थीहरूले व्यवहारिक ज्ञानसहितको इन्टर्नसीप गरेका हुने। |
| १३ | क. जनसाङ्ख्यिक लाभको उच्चतम उपयोगका लागि लगानी क्षेत्र निर्धारणसम्बन्धी अनुसन्धान कार्यक्रम गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | जनसाङ्ख्यिक लाभको उच्चतम उपयोगका लागि लगानी क्षेत्र निर्धारणसम्बन्धी अनुसन्धान भएको हुने। |
| | ख. अनुसन्धानमा आधारित जनसाङ्ख्यिक लाभका उच्चतम उपयोगका लागि लगानी क्षेत्र निर्धारण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | जनसाङ्ख्यिक लाभका उच्चतम उपयोगका लागि लगानी क्षेत्र निर्धारण भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १४ | लक्षित वर्ग सबैको अन्तरनिहित क्षमताको उपयोग हुने गरी सीप तथा पेसागत दक्षता अभिवृद्धि सम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | लक्षित वर्ग सबैको अन्तरनिहित क्षमताको उपयोग हुने गरी सीप तथा पेसागत दक्षता अभिवृद्धि भएको हुने। |
| १५ | आदिवासी, जनजाति, दलित, लोपोन्मुख लगायतका समुदायको मौलिक तथा रैथाने प्रविधि, सीप, दक्षता र पेसालाई आधुनिकीकरण तथा व्यवसायीकरण गर्न कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | विषय क्षेत्रसँग सम्बन्धित सबै मन्त्रालय तथा आयोगहरू | ६ वर्ष | आदिवासी, जनजाति, दलित, लोपोन्मुख लगायतका समुदायको मौलिक तथा रैथाने प्रविधि, सीप, दक्षता र पेसालाई आधुनिकीकरण तथा व्यवसायीकरण गरिएको हुने। |
| १६ | ज्येष्ठ नागरिक केन्द्रित आधारभूत एवं विशिष्टिकृत सेवा सम्बद्ध कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | ज्येष्ठ नागरिक केन्द्रित आधारभूत एवं विशिष्टिकृत सेवा सम्बद्ध कार्यक्रम सञ्चालन भएको हुने। |
| १७ | ज्येष्ठ नागरिकको प्रतिनिधिमूलक सहभागितामा ज्येष्ठ नागरिक केन्द्रित कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | ज्येष्ठ नागरिकको प्रतिनिधिमूलक सहभागितामा ज्येष्ठ नागरिक केन्द्रित कार्यक्रम सञ्चालन भएको हुने। |
| १८ | ज्येष्ठ नागरिकले आर्जन गरेका व्यावसायिक ज्ञान, अनुभव, सीप र दक्षता तथा प्रविधिको उपयोग गर्दै त्यस्तो ज्ञान सीपलाई अन्तरपुस्ता समता कायम गर्न र युवावर्गमा पुस्तान्तरण हुन सक्ने गरी प्रणालीगत तथा मनोव्यवहारगत उपाय अवलम्बन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | ज्येष्ठ नागरिकले आर्जन गरेका व्यावसायिक ज्ञान, अनुभव, सीप र दक्षता तथा प्रविधि युवा वर्गमा पुस्तान्तरण भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १९ | संयुक्त परिवार संस्कारको जगेर्ना गर्दै मानव मुल्यमा आधारित गुणस्तरीय जीवन कायम गर्न पुस्तान्तरणमैत्री शिक्षा, आपसी स्नेह र दायित्व बोध अभिवृद्धि गर्ने समावेशी कार्यनीति अवलम्बन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश तथा स्थानीय तह | निरन्तर | मानव मूल्यमा आधारित संयुक्त परिवारमैत्री अभ्यासको थालनी भएको हुने। |
| २० | १. गुणस्तरीय स्वास्थ्य सेवाको लागि स्वास्थ्य सेवाको मापदण्ड परिमार्जन तथा अद्यावधिक गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | गुणस्तरीय स्वास्थ्य सेवाको लागि स्वास्थ्य सेवाको मापदण्ड परिमार्जन तथा अद्यावधिक भएको हुने। |
| | २. आधारभूत तथा विशेष स्वास्थ्य सेवाका लागि संस्थागत, जनशक्ति एवं प्रविधिगत क्षमताको सुदृढीकरण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | आधारभूत तथा विशेष स्वास्थ्य सेवाका लागि संस्थागत, जनशक्ति एवं प्रविधिगत क्षमताको सुदृढीकरण भएको हुने। |
| २१ | ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि आधारभूत तथा विशेष स्वास्थ्य सेवा उपलब्ध गराउने गरी प्रणाली सुधार गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | सबै अस्पतालमा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिका लागि स्वास्थ्य उपचार सेवा उपलब्ध भएको हुने। |
| २२ | स्वास्थ्य संस्थामा बालबालिका, किशोरकिशोरी तथा युवावर्ग लगायत सबै व्यक्तिको मानसिक स्वास्थ्य सम्बन्धी समस्याको समाधान गर्ने गरी क्षमता अभिवृद्धि कार्यक्रम गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | सबै स्वास्थ्य संस्था मापदण्डका आधारमा शिक्षा, सूचना तथा सेवा प्रदान गर्न सक्षम भएका हुने। |
| २३ | क. आधुनिक, आयुर्वेदिक तथा वैकल्पिक स्वास्थ्य सेवा विस्तार गर्न सबै नागरिकको पहुँचका लागि अध्ययन अनुसन्धान कार्यक्रम गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | सबै अस्पतालमा स्वास्थ्य उपचार सेवा सहज र पहुँचयोग्य रूपमा उपलब्ध भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | ख. अध्ययन अनुसन्धानमा आधारित आधुनिक, आयुर्वेदिक तथा वैकल्पिक स्वास्थ्यसेवा एकीकृत रूपमा विस्तार गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | आधुनिक, आयुर्वेदिक तथा वैकल्पिक स्वास्थ्य सेवा एकीकृत रूपमा विस्तार भएको हुने। |
| २४ | क. वित्तीय लगानीको दिगोपना हुने गरी कानुन बमोजिम एकीकृत स्वास्थ्य बीमा कोष निर्माण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | अर्थ मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | एकीकृत स्वास्थ्य बीमा कोष निर्माण भएको हुने। |
| | ख. सबैका लागि स्वास्थ्य बीमा अभियान सञ्चालन गर्न कानुन निर्माण गरी कार्यन्वयन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | २ वर्ष | स्वास्थ्य बीमासम्बन्धी कानुन निर्माण भएको हुने। |
| २५ | कानुनी व्यवस्थाको अधीनमा रही सबै किसिमका स्वास्थ्य सेवासम्बन्धी सामाजिक सुरक्षाका कार्यक्रमहरू एकीकृत स्वास्थ्य बीमामार्फत सञ्चालन गर्ने गरी विद्यमान प्रणाली परिमार्जन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | सामाजिक सुरक्षाका कार्यक्रमहरू एकीकृत स्वास्थ्य बीमामार्फत सञ्चालन भएको हुने। |
| २६ | परिवार नियोजन पद्धतिको उपयुक्तताको लेखाजोखा र विश्लेषण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | परिवार नियोजन पद्धतिको उपयुक्तताको लेखाजोखा र विश्लेषण भएको हुने। |
| २७ | गुणस्तरीय जनसङ्ख्या व्यवस्थापनका लागि प्रजनन दर र जनसङ्ख्याबीच सन्तुलन कायम राख्न नीतिगत, प्रणालीगत र कार्यगत क्षेत्रमा सुधार गरी उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | निरन्तर | गुणस्तरीय जनसङ्ख्या व्यवस्थापनका लागि उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन भएको हुने। |
| २८ | गुणस्तरीय परिवार निर्माणका लागि यौन तथा प्रजनन स्वास्थ्य अधिकारको संरक्षण गर्दै परिवार योजनाका सेवालाई सुदृढ गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | यौन र सुरक्षित प्रजनन स्वास्थ्य, शिक्षा तथा सूचना सेवा परिमार्जित रूपमा विस्तार भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| २९ | जनसाङ्ख्यिक दृष्टिले आप्रवासी श्रमिकका खण्डीकृत तथा एकीकृत तथ्याङ्क तथा सूचना प्रणाली सुदृढ गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | आप्रवासी श्रमिकका खण्डीकृत तथा एकीकृत तथ्याङ्क तथा सूचना प्रणाली सुदृढ भएको हुने। |
| ३० | वैदेशिक रोजगार चक्र र सीप विकास तालिमको प्रमाण पेस गरेपछि मात्र रोजगारमा जान पाउने कानुनी व्यवस्था गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | सीप विकास तालिमको आधारमा रोजगारमा जान पाउने कानुनी व्यवस्था भएको हुने। |
| ३१ | वैदेशिक रोजगार चक्रका सबै चरणमा रोजगारीमा जानु पूर्व अवस्थादेखि स्वदेश फिर्ति तथा पुनर्स्थापना सम्मका सबै स्थितिको जानकारी लिने र अनुगमन गर्ने प्रणाली (Dedicated Tracking System) कार्यान्वयनमा ल्याइने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,<br>प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | वैदेशिक रोजगार चक्रका सम्बन्धमा Tracking System लागु भएको हुने। |
| ३२ | कानुनी प्रक्रिया पूरा नगरी वैदेशिक रोजगारीमा जाने प्रवृत्तिलाई निरुत्साहित गर्न वैदेशिक रोजगारी निगरानी संयन्त्र (Migrant Intelligence) मार्फत कानुनी सहायता, रोजगारी सहजीकरण ट्र्याकिङ्ग प्रणाली कार्यान्वयनमा ल्याई द्विपक्षीय श्रम सम्झौता भएका मुलुकसँग मात्र रोजगारमा जान पाउने कानुनी व्यवस्था गरी सुरक्षित, मर्यादित तथा व्यवस्थित श्रम आप्रवासन प्रणाली सुनिश्चित गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | परराष्ट्र मन्त्रालय;<br>स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,<br>कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | २ वर्ष | वैदेशिक रोजगारी निगरानी संयन्त्र (Migrant Intelligence) कार्यान्वयनमा आएको हुने। |
| ३३ | आन्तरिक तथा वाह्य बसाईसराइँ, श्रम आप्रवासन, खुल्ला सिमानामा हुने आवागमन लगायतका कारण राष्ट्रिय सुरक्षामा पर्न सक्ने असर तथा प्रभावको अध्ययन, विश्लेषण तथा निरन्तर प्रतिवेदन गर्ने। | गृह मन्त्रालय;<br>श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | निरन्तर | खुल्ला सिमानामा हुने आवागमन लगायत राष्ट्रिय सुरक्षामा पर्न सक्ने असर तथा प्रभावको अध्ययन, विश्लेषण भई प्रतिवेदन प्राप्त भएको हुने। |

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ३४ | सबै स्थानीय तहमा श्रम आप्रवासनको ज्ञान, सीप, पुंजी, अनुभव र दक्षताको विवरण सहितको डाटाबेस तयार गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; स्थानीय तह | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार | ३ वर्ष | सबै स्थानीय तहमा श्रम आप्रवासनको ज्ञान, सीप, पुँजी, अनुभव र दक्षताको विवरण सहितको डाटाबेस तयार भएको हुने। |
| ३५ | वैदेशिक रोजगारीबाट फर्किएका आप्रवासी श्रमिक तथा अन्य व्यक्तिलाई स्वदेशमा नै उद्यम गर्न र स्वरोजगारीमा संलग्न हुन वित्तीय प्रोत्साहन, सीप अभिवृद्धि तथा व्यावसायिक क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | वैदेशिक रोजगारीबाट फर्किएका आप्रवासी श्रमिक तथा अन्य व्यक्तिलाई स्वदेशमा नै उद्यम गर्न र स्वरोजगारीमा संलग्न हुने कार्यक्रम सञ्चालन भएको हुने। |
| ३६ | नेपालमा काम गरिरहेका आप्रवासी विज्ञ तथा दक्ष व्यक्तिको ज्ञान, सीप र प्रविधि नेपालमा हस्तान्तरण गर्ने कार्यविधि तर्जुमा गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | १ वर्ष | आप्रवासी विज्ञ तथा दक्ष व्यक्तिको ज्ञान, सीप र प्रविधि नेपालमा हस्तान्तरण गर्ने कार्यविधि तर्जुमा भएको हुने। |
| ३७ | विप्रेषणलाई जलवायु अनुकूलित एवं उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहनमुखी कार्यक्रम सञ्चालन गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; वन तथा वातावरण मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | विप्रेषणलाई जलवायु अनुकूलित क्षेत्रमा लगानी गर्न प्रोत्साहनमुखी कार्यक्रम सञ्चालन भएको हुने। |
| ३८ | जनसाङ्ख्यिक साक्षरता कार्यक्रम अभियानको रूपमा सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | जनसाङ्ख्यिक साक्षरता कार्यक्रम अभियानको रूपमा सञ्चालन भएको हुने। |
| ३९ | प्रजनन अन्तरसम्बन्धित नीतिहरूमा प्रजनन अधिकार तथा सेवाको विषय मूलप्रवाहीकरण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | प्रजनन अन्तरसम्बन्धित नीतिहरूमा प्रजनन अधिकार तथा सेवाको विषय मूलप्रवाहीकरण भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ४० | प्रजनन सम्बद्ध नीतिहरूमा सुधार गर्न क्षेत्रगत तथा अन्ततहगत समन्वय र सामञ्जस्य कायम गरी साझेदारी प्रवर्धन तथा संस्थागत विकास गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | प्रजनन सम्बद्ध नीतिहरूमा सुधार गर्न क्षेत्रगत तथा अन्ततहगत समन्वय र सामञ्जस्य कायम गर्न साझेदारी प्रवर्द्धन भएको हुने। |
| ४१ | प्रजनन प्रवृत्तिमा देखिएका क्षेत्रीय, सामाजिक तथा आर्थिक असमानताका सवाल सम्बोधन गर्न अनुसन्धान तथा सर्वेक्षण गरी प्रजनन स्वास्थ्यलाई तथ्य तथा प्रमाणमा आधारित तुल्याउने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ५ वर्ष | प्रजनन प्रवृत्तिमा देखिएका क्षेत्रीय, सामाजिक तथा आर्थिक असमानताका सवाल सम्वोधन गर्न तथ्य तथा प्रमाणको उपयोग भएको हुने। |
| ४२ | नागरिकको गुणस्तरयुक्त जीवनयापनका लागि परिवारमैत्री नीतिको विस्तार र कार्यान्वयन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | २ वर्ष | परिवारमैत्री नीतिको विस्तार र कार्यान्वयनमार्फत नागरिकको गुणस्तरयुक्त जीवनयापन भएको हुने। |
| ४३ | प्रजनन सम्वद्ध विषयमा सामाजिक सन्देश, सूचना, शिक्षा, जनचेतना र सकारात्मक दृष्टिकोण अभिवृद्धि गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | प्रजनन सम्बद्ध विषयमा सामाजिक सन्देश, सूचना, शिक्षा, जनचेतना र सकारात्मक दृष्टिकोण अभिवृद्धि भएको हुने। |
| ४४ | सुरक्षित जीवन आरम्भ कार्यक्रममार्फत शिशु र बाल मृत्युदर घटाउन सर्वसुलभ मातृ शिशु स्वास्थ्य सेवा, पोषण सुरक्षा, नियमित खोप कार्यक्रम, सुरक्षित प्रसूति सेवा सुनिश्चित गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ५ वर्ष | सर्वसुलभ मातृ शिशु स्वास्थ्य सेवा, पोषण सुरक्षा, नियमित खोप कार्यक्रम, सुरक्षित प्रसूति सेवामार्फत शिशु र बाल मृत्युदर घटेको हुने। |
| ४५ | लिङ्ग पहिचान गरी गरिने गर्भपतन रोक्न गर्भपतन सेवा सम्बन्धी सेवा प्रदायकहरूको पेसागत आचारसंहिता तथा चिकित्सकीय नैतिकताको लागि सेवाप्रदायक तथा चिकित्सक स्वयम् जिम्मेवार हुने व्यवस्था गरी कडा कानुनी निगरानी तथा अनुगमन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | ५ वर्ष | सेवा प्रदायक तथा चिकित्सक स्वयम् जिम्मेवार हुने व्यवस्था गरी कडा कानुनी निगरानी तथा अनुगमनमार्फत लिङ्ग पहिचान गरी गरिने गर्भपतनमा कमी भएको हुने। |

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय नेपाल सरकार सिंहदरबार, काठमाडौं

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ४६ | जनसङ्ख्याको विषयलाई उच्च प्राथमिकता दिई समष्टिगत आर्थिक नीति, वित्त नीति लगायत अन्तरसम्बन्धित नीतिमा मूलप्रवाहीकरण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | जनसङ्ख्याको विषयलाई उच्च प्राथमिकता दिई समष्टिगत आर्थिक नीति, वित्त नीति लगायत अन्तरसम्बन्धित नीतिमा मूलप्रवाहीकरण भएको हुने। |
| ४७ | आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा क्षेत्रगत नीति तथा रणनीतिमा लगानीको कार्यढाँचा तयार गर्दा जनसङ्ख्या र विकासको विषयलाई समावेश गर्ने। | राष्ट्रिय योजना आयोग | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | आवधिक योजना, मध्यकालीन खर्च संरचना तथा क्षेत्रगत नीति तथा रणनीतिमा लगानीको कार्यढाँचा तयार गर्दा जनसङ्ख्या र विकासको विषयलाई समावेश गरिएको हुने। |
| ४८ | जनसङ्ख्या र विकासबीचको अन्तर सम्बन्धका विषयलाई सबै प्रकारका प्राज्ञिक विषय तथा प्रशिक्षणमा समावेश गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | जनसङ्ख्या र विकासबीचको अन्तरसम्बन्धका विषयलाई सबै प्रकारका प्राज्ञिक विषय तथा प्रशिक्षणमा समावेश गरिएको हुने। |
| ४९ | आर्थिक विकासका क्रियाकलापहरू र समुन्नत र सुखी जनसङ्ख्याबीचको अन्तरसम्बन्ध स्थापित गर्न जनसङ्ख्या प्रभाव मूल्याङ्कन प्रणाली लागु गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सबै विषयगत मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | जनसङ्ख्या प्रभाव मूल्याङ्कन प्रणाली लागु भएको हुने। |
| ५० | समष्टिगत आर्थिक नीतिमा जनसाङ्ख्यिक लाभका विषय समावेश गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सबै विषयगत मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | समष्टिगत आर्थिक नीतिमा जनसाङ्ख्यिक लाभका विषय समावेश भएको हुने। |
| ५१ | जनसङ्ख्या, दिगो विकास, विकास र वातावरणबीच सामञ्जस्ययुक्त अन्तरसम्बन्ध सुदृढ तुल्याउन जनसङ्ख्या र दिगो विकासबीचको अन्तर सम्बन्धका बारेमा शिक्षा, सूचना, सचेतना तथा पैरवी गर्ने। | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय; विश्वविद्यालयहरू | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय तह | २ वर्ष | जनसङ्ख्या, दिगो विकास, विकास र वातावरणबीच सामञ्जस्ययुक्त अन्तरसम्बन्ध सुदृढ भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५२ | जनसाङ्ख्यिक उपयोगिताको आधारमा विकासलाई रूपान्तरण गर्न विकास र जनसङ्ख्या सम्बन्धी सूचक तथा आधार निर्माण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सम्बद्ध विषयगत मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | विकास र जनसङ्ख्या सम्बन्धी सूचक तथा आधार निर्माण भएको हुने। |
| ५३ | विकासका पूर्वाधार आयोजना तथा कार्यक्रम सञ्चालन पूर्व नै जनसाङ्ख्यिक प्रभाव मूल्याङ्कन गर्ने प्रणाली अवलम्बन गर्न कानुन तथा कार्यविधि परिमार्जन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | सम्बद्ध विषयगत मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | जनसाङ्ख्यिक प्रभाव मूल्याङ्कन गर्ने मौजुदा कानुन तथा कार्यविधि परिमार्जन भएको हुने |
| ५४ | आन्तरिक बसाईसराईँको कारण, प्रभाव र असरका बारेमा लेखाजोखा तथा विश्लेषण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | १ वर्ष | आन्तरिक बसाईसराईँको कारण, प्रभाव र असरका बारेमा लेखाजोखा तथा विश्लेषण सहितको दस्तावेज तयार भएको हुने। |
| ५५ | आन्तरिक बसाईसराईँसम्बन्धी अभिलेख व्यवस्थित गर्न स्थानीय तहमा आवश्यक प्रणालीको विकास गर्ने। | गृह मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | आन्तरिक रूपमा हुने बसाईसराइँ सम्बन्धी अभिलेखन र खण्डीकृत रूपमा तथ्याङ्क प्रणालीको स्थानीय तहमा विकास भइ उपयोग भएको हुने। |
| ५६ | श्रमशक्तिको विस्थापन र बसाईसराइँ अनुमानयोग्य हुने गरी एकीकृत बस्ती विकास तथा आर्थिक उपार्जनका कार्यक्रम गर्ने। | सहरी विकास मन्त्रालय | गृह मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | श्रमशक्तिको विस्थापन र बसाईसराइँ अनुमानयोग्य भएको हुने। |
| ५७ | जलवायु परिवर्तन, प्राकृतिक विपद् एवं महामारीका कारण जनसङ्ख्यामा पर्ने प्रतिकूल असर न्यूनीकरण गर्न रोजगार, पुनर्स्थापना जस्ता कार्यक्रम गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | गृह मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | जलवायु परिवर्तन तथा प्राकृतिक विपद् तथा महामारीका कारण जनसङ्ख्यामा पर्ने प्रतिकूल असर न्यूनीकरण गर्न रोजगार लगायतका कार्यक्रम सञ्चालन भएको हुने। |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ५८ | विभेद तथा सीमान्तीकरणका कारण हुन सक्ने बसाईसराइँको अन्त्यका लागि स्थानीय तहमा संरक्षणात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | निरन्तर | विभेद तथा सीमान्तीकरणका कारण हुने बसाईसराइँमा कमी भएको हुने। |
| ५९ | मुलुकभित्र अन्य स्थानीय तहबाट बसाईसराइँ भई आएका अस्थायी बासिन्दालाई समेत कानुनबमोजिम सम्बन्धित स्थानीय तहबाट राज्य प्रदत्त सेवा प्रदान गर्ने प्रणालीको विकास गर्ने। | गृह मन्त्रालय, स्थानीय तह | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २ वर्ष | अस्थायी बासिन्दालाई समेत सोही स्थानीय तहबाट राज्य प्रदत्त सेवा प्रदान भएको हुने। |
| ६० | बसाईसराइँको कारण तराई, सहरी एवं अर्धसहरी क्षेत्रमा परेको चापलाई सन्तुलित विकास र अवसरमा परिवर्तन गर्ने कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सहरी विकास मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | तराई, सहरी एवं अर्धसहरी क्षेत्रमा सन्तुलित विकास कार्यक्रम सञ्चालन भएको हुने। |
| ६१ | स्थानीय कच्चा पदार्थ र स्रोत एवं आधुनिक प्रविधिमा आधारित व्यवसाय तथा सामूहिक खेती प्रणाली लागु गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय; कृषि तथा पशुपन्छी विकास मन्त्रालय; स्थानीय तह | प्रदेश सरकार | निरन्तर | स्थानीय कच्चा पदार्थ र स्रोत एवं आधुनिक प्रविधिमा आधारित व्यवसाय तथा सामूहिक खेती प्रणाली अवलम्बन भएको हुने। |
| ६२ | निजी क्षेत्रको वित्तीय तथा प्राविधिक सहयोगमार्फत स्थानीय रोजगारी अभिवृद्धि गर्न सहकार्य र साझेदारी गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रदेश तथा स्थानीय तह | निरन्तर | निजी क्षेत्रको वित्तीय तथा प्राविधिक सहयोगमार्फत स्थानीय रोजगारी अभिवृद्धि भएको हुने। |
| ६३ | ग्रामीण क्षेत्रको बसाईसराइँ सम्बोधन गर्न रोजगारी अभिवृद्धि केन्द्रित कार्यक्रम गर्ने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | रोजगारी अभिवृद्धि केन्द्रित कार्यक्रम सञ्चालन भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ६४ | क. जन्मथलोमा नै जीवन निर्वाह गरी बसोवास गर्न उत्तप्रेरित हुने वातावरण बनाउन विकासका पूर्वाधारमा लगानी बढाउने। | सबै क्षेत्रगत मन्त्रालय | अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | १. आर्थिक उपार्जनका दृष्टिले उपयोगी हुने विकासका पूर्वाधारमा लगानी बढेको हुने। |
| | ख. सबै किसिमका बहुक्षेत्रगत सेवा स्थानीय तहमा नै उपलब्ध हुने व्यदस्था मिलाउने। | सबै क्षेत्रगत मन्त्रालय | अर्थ मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ३ वर्ष | २. सबै किसिमका बहुक्षेत्रगत सेवा स्थानीय तहमा नै उपलब्ध भएको हुने। |
| ६५ | विपद्, महामारी तथा आपत्कालीन स्थितिलाई समयमा नै प्रतिकार्य गर्ने प्रणाली सक्षम बनाउने। | गृह मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | सक्षम विपद प्रतिकार्य प्रणाली लागु भएको हुने। |
| ६६ | क. प्राकृतिक स्रोतहरू माथि दवाब आंकलन गर्न जनसाङ्ख्यिक दबाब अध्ययन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | राष्ट्रिय तथ्याङ्क कार्यालय | २ वर्ष | १. प्राकृतिक स्रोतहरूमाथि पर्ने जनसङ्ख्याको दबाब कम गर्न वैकल्पिक स्रोतहरूको पहिचान भएको हुने। |
| | ख. जनसङ्ख्या दबाब अध्ययन प्रतिवेदनका आधारमा विकास तथा पूर्वाधारका सेवाको व्यवस्था गर्ने। | विकास सम्बद्ध मन्त्रालयहरू | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | २. जनसङ्ख्या दबाब अध्ययन प्रतिवेदनका आधारमा विकास तथा पूर्वाधारका सेवाको व्यवस्था भएको हुने। |
| ६७ | नीति, कार्यक्रम र बजेटमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विषय मूलप्रवाहीकरण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | नीति, कार्यक्रम र बजेटमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विषय मूलप्रवाहीकरण भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

| क. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ६८ | विद्यालय तहदेखि उच्च तहसम्मको शिक्षामा लैङ्गिकता सम्बन्धी अध्ययनको व्यवस्था गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, विश्वविद्यालय, प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | विद्यालय तहदेखि उच्च तहसम्मको शिक्षामा लैङ्गिकतासम्बन्धी अध्ययनको भएको हुने। |
| ६९ | "कोही पनि पछाडि नछुटून्" भन्ने दिगो विकास अवधारणा साकार बनाउन कार्यक्रम तथा बजेटमा लैङ्गिक तथा सामाजिक समावेशीकरण विषय समावेश गर्ने। | अर्थ मन्त्रालय; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | "कोही पनि पछाडि नछुटून्" भन्ने दिगो विकास अवधारणा साकार बनाउन कार्यक्रम तथा बजेटमा लैङ्गिक तथा सामाजिक समावेशीकरण विषय समावेश भएको हुने। |
| ७० | लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन, अनुगमन, मूल्याङ्कन एवं परीक्षण प्रणाली सुदृढ गर्ने। | अर्थ मन्त्रालय; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयन, अनुगमन, मूल्याङ्कन एवं परीक्षण प्रणाली सुदृढ भइ कार्यान्वनमा आएको हुने। |
| ७१ | बिना ज्यालाका घरायसी काम वा कम ज्याला प्राप्त गरेका कामलाई अर्थतन्त्रमा गरेको योगदानमा गणना हुने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याउने। | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | अनौपचारिक तथा असंगठित क्षेत्रको योगदानलाई राष्ट्रिय अर्थतन्त्रमा गणना गर्ने प्रणालीको विकास भएको हुने। |
| ७२ | क. दुई पुस्ताबीचको दोहोरो भूमिकामा रहेका कामकाजी महिलाको कार्य वातावरण सकारात्मक बनाउन संवाद तथा अन्तरक्रिया कार्यक्रम गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; महिला, बालबालिका तथा | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | १. दुई पुस्ताबीचको दोहोरो भूमिकामा रहेका कामकाजी महिलाको कार्य वातावरण सकारात्मक भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | | ज्येष्ठ नागरिक मन्त्रालय | | | |
| | ख. समान योगदान गर्न र योगदानको सम्मान तथा सहजीकरण गर्न सहयोग पुग्ने गरी कार्यस्थल एवं परिवार सदस्यहरूमा सचेतना एवं पैरवी गर्ने। | बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | २. समान योगदान र योगदानको सम्मान तथा सहजीकरण गर्न सहयोग पुग्ने गरी कार्यस्थल एवं परिवार सदस्यहरूमा सचेतना एवं पैरवी भएको हुने। |
| ७३ | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार अन्त्यका लागि विद्यमान कानुनी व्यवस्था परिमार्जन गरी अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सबै क्षेत्रगत मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारसम्बन्धी कानुनी व्यवस्था कार्यन्वयनमा आएको हुने। |
| ७४ | उद्योग, व्यवसाय लगायत उत्पादनशील अवसर र स्रोतसाधनमा महिलाको पहुँच, सहभागिता र स्वामित्व अभिवृद्धि गर्ने कार्यक्रम गर्ने। | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | निरन्तर | उद्योग, व्यवसायमा महिलाको पहुँच, सहभागिता र स्वामित्व अभिवृद्धि भएको हुने। |
| ७५ | लैङ्गिक तथा अल्पसङ्ख्यक समुदायको आर्थिक सामाजिक अवस्थाको जानकारी लिन लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक सर्वेक्षण कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | राष्ट्रिय तथ्याङ्क कार्यालय, प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | लैङ्गिक तथा अल्पसङ्ख्यक समुदायको आर्थिक सामाजिक अवस्था सम्बन्धी सर्वेक्षण भएको हुने। |
| ७६ | विपन्न, वञ्चितिमा परेका तथा सीमान्तीकृत र जोखिममा रहेका समुदायका व्यक्तिका लागि लक्षित आवास तथा जीविकोपार्जन सुधार कार्यक्रम गर्ने । | सहरी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | ५ वर्ष | विपन्न, वञ्चितिमा परेका तथा सीमान्तीकृत र जोखिममा रहेका समुदायका व्यक्तिका लागि लक्षित आवास तथा जीविकोपार्जनमा सुधार भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ७७ | सीमान्तीकृत तथा लोपोन्मुख जातिको संरक्षण सम्बर्द्धनका लागि अध्ययन अनुसन्धान गरी अभिलेखीकरण गर्न रणनीति बनाई कार्यान्वयन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | सीमान्तीकृत तथा लोपोन्मुख जातिको संरक्षण सम्बर्द्धन रणनीति कार्यान्वयनमा आएको हुने। |
| ७८ | शारीरिक तथा मानसिक रूपले अशक्त लगायत जटिल स्वास्थ्य अवस्थामा रहेका लक्षित वर्गका व्यक्तिहरूका लागि निःशुल्क विशेष स्वास्थ्य सेवा तथा मनोसामाजिक विमर्श सेवा सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | निरन्तर | लक्षित वर्गका व्यक्तिहरूका लागि निःशुल्क विशेष स्वास्थ्य सेवा तथा मनोसामाजिक विमर्श सेवा सञ्चालन भएको हुने। |
| ७९ | जोखिममा रहेका, सीमान्तीकृत, दलित र विपन्न नागरिकका लागि कानुन बमोजिम निःशुल्क स्वास्थ्य बीमा र कानुनी सहायता थप प्रभावकारी बनाउने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश तथा स्थानीय तह | ५ वर्ष | जोखिममा रहेका, सीमान्तीकृत, दलित र विपन्न नागरिकका लागि निःशुल्क स्वास्थ्य बीमा र कानुनी सहायता भएको हुने। |
| ८० | बहुआयामिक गरिबीमा रहेका, सीमान्तीकृत, विभेद तथा वञ्चितिमा परेका तथा जोखिमको स्थितिमा रहेका व्यक्तिको स्वास्थ्य सेवा, शिक्षा तथा मानव विकास सेवामा पहुँचयोग्यता र उपयोगिताको सम्बन्धमा जवाफदेहिता परीक्षण गर्ने विधि अवलम्बन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय योजना आयोग | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | लक्षित वर्गको स्वास्थ्य सेवा, शिक्षा तथा मानव विकास सेवामा पहुँचयोग्यता र उपयोगिताको सम्बन्धमा जवाफदेहिता परीक्षण विधि कार्यान्वयनमा आएको हुने। |
| ८१ | काठमाडौं उपत्यका तथा अन्य सहरी क्षेत्रमा अस्थायी बसोबास गरेका जनसङ्ख्याको अवस्था थाहा पाउन अस्थायी जनसङ्ख्या (Floating Population) सर्वेक्षण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्थानीय तह | सामाजिक क्षेत्र हेर्ने प्रदेश मन्त्रालय | २ वर्ष | काठमाडौं उपत्यका तथा अन्य सहरी क्षेत्रमा रहेका अस्थायी बसोबास गरेका जनसङ्ख्याको अस्थायी जनसङ्ख्या (Floating Population) सर्वेक्षण भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ८२ | स्थानीय तहको न्यायिक प्रणाली सुदृढीकरण गरी राज्यका तीन तहमा निःशुल्क कानुनी सहायता प्रदान गर्न पर्याप्त वित्तीय स्रोतको व्यवस्था गर्ने। | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार | निरन्तर | स्थानीय तहको न्यायिक प्रणाली सुदृढ भइ तीनै तहमा निःशुल्क कानुनी सहायता प्रदान भएको हुने। |
| ८३ | महिला, किशोरी तथा बालिका एवं लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको मर्यादा विपरीतका हानिकारक सामाजिक कुप्रथा र प्रचलन विरुद्ध समुदायस्तरसम्म अभियान सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको मर्यादा विपरीतका हानिकारक सामाजिक कुप्रथा र प्रचलनमा न्यूनीकरण भएको हुने। |
| ८४ | लैङ्गिक तथा यौनजन्य हिंसा प्रभावित व्यक्तिका लागि लैङ्गिक समतामुखी कार्यक्रम, रोजगारी, उद्यमशीलता विकास, आर्थिक सशक्तीकरण तथा सामाजिक पुनर्स्थापनका कार्यक्रम गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | लैङ्गिक तथा यौनजन्य हिंसा प्रभावित व्यक्तिका लागि आर्थिक, सामाजिक सशक्तीकरण तथा पुनर्स्थापनका कार्यक्रम सञ्चालनमा आएको हुने। |
| ८५ | बालविवाह मुक्त नेपाल, बीस वर्षको उमेर पूरा भएपछि मात्र विवाह, मनोवैज्ञानिक रूपमा सक्षम भएपछि मात्र सन्तान भन्ने अवधारणा साकार पार्न विभिन्न अभियानमूलक कार्यक्रम गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | बीस वर्षको उमेर पूरा भएपछि मात्र विवाह, मनोवैज्ञानिक रूपमा सक्षम भएपछि मात्र सन्तान भन्ने अवधारणा साकार भएको हुने। |
| ८६ | लिङ्ग छनौट गर्ने प्रवृत्तिमा पूर्णरूपमा रोकथामका लागि निरोधात्मक उपाय अवलम्बन गर्न प्रभावकारी प्रणालीको व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार; स्थानीय तह | ३ वर्ष | लिङ्ग छनौट गर्ने प्रवृत्ति रोकथामका लागि निरोधात्मक उपाय अवलम्बन भएको हुने। |
| ८७ | उपचार, सुरक्षा, कानुनी सहायता, न्याय तथा पुनर्स्थापन सम्मका लैङ्गिक हिंसा विरुद्धका कार्यहरू एकै ठाउँबाट सम्पादन गर्न स्थापित एकद्वार संकट व्यवस्थापन केन्द्रको विस्तार तथा संस्थागत सुदृढीकरण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार; स्थानीय तह | निरन्तर | एकद्वार संकट व्यवस्थापन केन्द्रको विस्तार तथा संस्थागत सुदृढीकरण भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क्र.सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ८८ | सबै निकाय तथा प्रतिष्ठानमा सबै प्रकारका जातीय, लैङ्गिक तथा वर्गीय विभेद र शोषण एवं छुवाछुतको अन्त्यका लागि संस्थागत संहिता निर्माण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | गृह मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | सबै प्रकारका जातीय, लैङ्गिक तथा वर्गीय विभेद र शोषण एवं छुवाछुतको अन्त्यका लागि संस्थागत संहिता कार्यान्वयनमा आएको हुने। |
| ८९ | ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सेवा प्रणालीमा स्वयंसेवा पद्धति विस्तार गर्न युवा समुदायको उपयोग गर्ने विधि निर्माण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | ३ वर्ष | ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सेवा प्रणालीमा स्वयंसेवा पद्धति विस्तार गर्न युवा समुदायको उपयोग गर्ने विधि निर्माण भएको हुने। |
| ९० | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको सामाजिक तथा आर्थिक स्थिति र विशेष आवश्यकताको पहिचान गरी आर्थिक तथा सामाजिक सशक्तीकरणका कार्यक्रम गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय; महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | प्रदेश तथा स्थानीय तह | ५ वर्ष | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण भएको हुने। |
| ९१ | आधारभूत मानव विकास सेवामा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिको पहुँच सुनिश्चित गर्न मनोसामाजिक विमर्श सेवा सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय; प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिको आधारभूत मानव विकास सेवामा पहुँच सुनिश्चित भएको हुने। |
| ९२ | ग्रामीण महिला लक्षित प्रजनन स्वास्थ्य तथा सुरक्षित मातृत्व सेवा लगायत सबैका लागि आधारभूत यौन तथा प्रजनन स्वास्थ्य सेवा, सुरक्षित मातृत्व तथा शिशु स्याहार | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रलय | प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | सबैका लागि आधारभूत यौन तथा प्रजनन स्वास्थ्य सेवा, सुरक्षित मातृत्व तथा शिशु |



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा प्रदायकको क्षमतामा थप सुधार गर्ने। | | | | स्याहार सेवा उपलब्ध गराउन स्वास्थ्य सेवा प्रदायकको क्षमतामा सुधार भएको हुने। |
| ९३ | गुणस्तरीय स्वास्थ्य सेवासम्बन्धी शिक्षा, सूचना तथा सञ्चारको विस्तार गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | गुणस्तरीय स्वास्थ्य सेवासम्बन्धी शिक्षा, सूचना तथा सञ्चारको विस्तार भएको हुने। |
| ९४ | बाँझोपनको समस्या भोगिरहेको व्यक्तिहरूका लागि आवश्यक रोकथाम स्वास्थ्य उपचार सेवा तथा मनोविमर्श सेवालाई विस्तार र पहुँचयोग्य तुल्याइने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | निरन्तर | बाँझोपनको समस्या सम्बोधन गर्न स्वास्थ्य उपचार सेवा तथा मनोविमर्श सेवा विस्तार र पहुँचयोग्य भएको हुने। |
| ९५ | एच.आई.भी. लगायत विभिन्न यौनजन्य संक्रमणहरूको निरोध तथा उपचारका व्यवस्थालाई पहुँचयोग्य तथा सहज तुल्याइने प्रणाली निर्माण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य विषय हेर्ने प्रदेश मन्त्रालय | २ वर्ष | एच.आई.भी. लगायत विभिन्न यौनजन्य संक्रमणहरूको निरोध तथा उपचारका व्यवस्थालाई पहुँचयोग्य तथा सहज तुल्याइने प्रणाली कार्यान्वयनमा आएको हुने। |
| ९६ | चिकित्सकीय तथा कानुनी आधारमा गरिने सुरक्षित गर्भपतन सेवा प्रणाली सुदृढ गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य विषय हेर्ने प्रदेश मन्त्रालय | निरन्तर | चिकित्सकीय तथा कानुनी आधारमा गरिने सुरक्षित गर्भपतन सेवा प्रणाली सुदृढ भएको हुने। |
| ९७ | गर्भवती, सुत्केरी महिला तथा बालबालिकामा हुनसक्ने रक्तअल्पता, कुपोषणलगायतका अन्य सम्भाव्य स्वास्थ्य समस्या तथा जोखिमको व्यवस्थापनका लागि विशिष्टिकृत सीप विकास हुने गरी मिडवाइफरी शिक्षालाई प्राथमिकताका साथ विस्तार गरी कार्यान्वयन गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय;<br>प्रदेश सरकार | ३ वर्ष | विशिष्टिकृत मिडवाइफरी शिक्षामार्फत गर्भवती, सुत्केरी महिला तथा बालबालिकामा हुनसक्ने रक्तअल्पता, कुपोषणलगायतका अन्य सम्भाव्य स्वास्थ्य समस्या तथा जोखिमको व्यवस्थापन भएको हुने। |
| ९८ | अतिगरिब, सीमान्तीकृत, विभेदमा रहेका महिलाको प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्वसम्बन्धी अधिकारको संरक्षण गर्न बहुपोषण कार्यक्रम गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | ३ वर्ष | अति गरिब, सीमान्तीकृत, विभेदमा रहेका महिलाको प्रजनन स्वास्थ्य र सुरक्षित मातृत्व अधिकारको संरक्षण भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| ९९ | नवजात शिशु तथा बालबालिकामा लाग्न सक्ने सम्भाव्य रोग तथा शारीरिक तथा मानसिक अपाङ्गताको पूर्व पहिचान गरी समाधान गर्ने प्रणाली सुधार कार्यक्रम गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | नवजात शिशु तथा बालबालिकामा लाग्न सक्ने सम्भाव्य रोग तथा शारीरिक तथा मानसिक अपाङ्गताको पूर्व पहिचान भइ सम्बोधन भएको हुने। |
| १०० | बाल अधिकारसम्बन्धी संवैधानिक व्यवस्था तथा अन्तराष्ट्रिय महासन्धि एवं अभिसन्धिको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; परराष्ट्र मन्त्रालय | निरन्तर | बाल अधिकारसम्बन्धी संवैधानिक व्यवस्था तथा अन्तराष्ट्रिय महासन्धि एवं अभिसन्धिको प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने। |
| १०१ | बाल अधिकार संरक्षणसम्बन्धी विषयमा जनचेतना अभिवृद्धि गर्न प्रदेश तथा स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय;<br>प्रदेश तथा स्थानीय तह | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | निरन्तर | बाल अधिकार संरक्षण सम्बन्धी विषयमा जनचेतना अभिवृद्धि भएको हुने। |
| १०२ | प्रदेश तथा स्थानीय तहमा बाल अधिकार संरक्षणको लागि सक्षम अन्तरतहगत तथा अन्तरक्षेत्रगत समन्वय संयन्त्र निर्माण एवं सुदृढीकरण गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | १ वर्ष | प्रदेश तथा स्थानीय तहमा बाल अधिकार संरक्षणको लागि सक्षम अन्तरतहगत तथा अन्तरक्षेत्रगत समन्वय संयन्त्रको निर्माण एवं सुदृढीकरण भएको हुने। |
| १०३ | प्रारम्भिक बालविकास केन्द्रहरूमा बाल अधिकार समावेशी प्रणाली विस्तार र सुदृढ गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | प्रारम्भिक बालविकास केन्द्रहरूमा बाल अधिकार समावेशी प्रणाली विस्तार र सुदृढ भएको हुने। |
| १०४ | बालअधिकारको संरक्षण गर्न लगानीका कार्यक्रम विस्तार गर्ने। | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | ५ वर्ष | बालअधिकारको संरक्षण गर्ने गरी लगानीमा वृद्धि भएको हुने। |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

| क. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १०५ | क. व्यक्तिगत घटना दर्ता तथा तथ्याङ्कीय प्रणाली (Civil Registration and Vital Statistics) लगायत जनसङ्ख्या सम्बन्धी समग्र विषयमा संलग्न सरकारी निकायहरूको एकीकृत र स्वचालित प्रतिवेदन बन्ने Software Design गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | राष्ट्रिय तथ्याङ्क कार्यालय, विश्वविद्यालयहरू | २ वर्ष | १.जनसाङ्ख्यिक विषयको अध्ययन, अनुसन्धान, सर्वेक्षण र विश्लेषण गर्ने कार्य एकद्वार प्रणालीबाट स्वचालित प्रतिवेदन भएको हुने। |
| | ख. जनसङ्ख्या व्यवस्थापनका लागि आवश्यक एकीकृत तथ्याङ्क व्यवस्थापनलाई थप व्यवस्थित गर्न अस्पतालबाट जारी हुने जन्म र मृत्युसम्बन्धी तथ्याङ्कलाई राष्ट्रिय पञ्जिकरण प्रणालीसँग अन्तरआबद्ध गर्ने प्रणाली लागु गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | राष्ट्रिय तथ्याङ्क कार्यालय | २ वर्ष | २. अस्पतालबाट जारी हुने जन्म र मृत्यु सम्बन्धी तथ्याङ्कलाई राष्ट्रिय पञ्जिकरण प्रणालीसँग अन्तर आवद्ध गर्ने प्रणाली लागु भएको हुने। |
| १०६ | प्रत्येक स्थानीय तहमा श्रम तथा शैक्षिक आप्रवासन र बसाईसराइँ बारे एकीकृत तथा स्वचालित प्रतिवेदन बन्ने प्रणाली विकास गरी सूचना तथा तथ्याङ्कलाई सङ्घ र प्रदेश तहका सूचना सञ्जालमा एकीकृत गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश तथा स्थानीय तह | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय; राष्ट्रिय तथ्याङ्क कार्यालय, विश्वविद्यालयहरू | २ वर्ष | प्रत्येक स्थानीय तहमा श्रम तथा शैक्षिक आप्रवासन र बसाईसराइँ सम्बन्धी सूचना तथा तथ्याङ्कलाई सङ्घ र प्रदेश तहका सूचना सञ्जालमा एकीकृत भएको हुने। |
| १०७ | जन्म, मृत्यु र बसाईसराइँका गतिविधि ट्र्याकिङ्ग गर्न व्यक्तिगत जनसाङ्ख्यिक पार्श्वचित्र (Personal Demographic Profile) तयार गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | राष्ट्रिय तथ्याङ्क कार्यालय | २ वर्ष | जन्म, मृत्यु र बसाईसराइँका गतिविधि ट्र्याकिंग गर्न व्यक्तिगत जनसाङ्ख्यिक पार्श्वचित्र (Personal Demographic Profile) तयार भइ लागु भएको हुने। |

| क्र. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १०८ | राज्यबाट प्रदान गर्ने सार्वनजिक सेवालाई थप प्रभावकारी, व्यवस्थित र छिटोछरितो बनाउन राष्ट्रिय परिचयपत्रसँग आवद्ध गराउने। | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,<br>प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | राज्यबाट प्रदान गर्ने सार्वनजिक सेवालाई थप प्रभावकारी, व्यवस्थित, छिटोछरितो बनाउन राष्ट्रिय परिचयपत्रसँग आबद्ध भएको हुने। |
| १०९ | जनसङ्ख्यासम्बन्धी राष्ट्रिय निकायको रूपमा सुविधा सम्पन्न जनसङ्ख्या अभिलेख तथा सुचना केन्द्रको स्थापना गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ३ वर्ष | सङ्घीय तहमा जनसङ्ख्या सम्बन्धी राष्ट्रिय निकायको रूपमा सुविधासम्पन्न जनसङ्ख्या अभिलेख तथा सूचना केन्द्रको स्थापना भएको हुने। |
| ११० | जनसङ्ख्या व्यवस्थापनमा सूचना प्रविधिको योजनावद्ध र व्यवस्थित उपयोगका लागि डिजिटाइजेसन र डिजिटलाइजेसन कार्यनीति तयार गर्ने। | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २ वर्ष | जनसङ्ख्या व्यवस्थापनको लागि डिजिटाइजेसन र डिजिटलाइजेसन कार्यनीति कार्यान्वयनमा आएको हुने। |
| १११ | जनसङ्ख्या सम्बन्धी विषयमा ज्ञानको व्यवस्थापन र विशेषज्ञ सञ्जालको निर्माण गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | जनसङ्ख्या सम्बन्धी विषयमा ज्ञानको व्यवस्थापन र विशेषज्ञ सञ्जालको निर्माण भएको हुने। |
| ११२ | जनसाङ्ख्यिक विषयको अध्ययन, अनुसन्धान, सर्वेक्षण र विश्लेषण गर्ने कार्य एकद्वारबाट हुने गरी मापदण्ड तयार गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | १ वर्ष | जनसाङ्ख्यिक विषयको अध्ययन, अनुसन्धान, सर्वेक्षण र विश्लेषण गर्ने कार्य एकद्वारबाट हुने गरी मापदण्ड कार्यान्वयन भएको हुने। |
| ११३ | जनसाङ्ख्यिक गतिविधि तथा प्रवृत्तिमा आएको परिवर्तन एवं तिनका प्रभावका बारेमा विषयकेन्द्रित अध्ययन अनुसन्धान प्रतिवेदन तयार गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | निरन्तर | जनसाङ्ख्यिक गतिविधि तथा प्रवृत्तिमा आएको परिवर्तन एवं तिनका प्रभावका बारेमा विषय केन्द्रित अध्ययन अनुसन्धान प्रतिवेदन तयार भएको हुने। |
| ११४ | जनसङ्ख्या व्यवस्थापन संलग्न निकाय, विश्वविद्यालयको जनसङ्ख्या अध्ययन विभाग एवं अन्य प्राज्ञिक निकाय, | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | विश्वविद्यालयहरू, जनसङ्ख्यासँग सम्बन्धित अन्य प्राज्ञिक निकाय | निरन्तर | जनसङ्ख्या व्यवस्थापन संलग्न निकाय, विश्वविद्यालयको जनसङ्ख्या अध्ययन विभाग एवं अन्य प्राज्ञिक निकाय, |

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

| क. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| | अनुसन्धान संस्थासँग आपसी सहकार्य र साझेदारीका लागि क्षमता विकास कार्यक्रम गर्ने। | | | | अनुसन्धान संस्था बीच आपसी सहकार्य र साझेदारी अभिवृद्धि भएको हुने। |
| ११५ | जनसङ्ख्या तथा विकासका विषयमा अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग समझदारी गरी अनुसन्धान तथा सर्वेक्षण कार्यक्रम गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय | २ वर्ष | जनसङ्ख्या तथा विकासका विषयमा अनुसन्धान तथा सर्वेक्षण गर्न अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग समझदारी भएको हुने। |
| ११६ | जनसङ्ख्या व्यवस्थापनको विषयलाई तीनै तहमा प्रभावकारी समन्वय गरी थप कार्यमूलक, जिम्मेवारयुक्त र नतिजामुखी बनाउन आवश्यक जनशक्ति र स्रोत साधन सहितको उत्तरदायी तथा क्रियाशील संस्थागत संरचना स्थापना गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | अर्थ मन्त्रालय; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २ वर्ष | आवश्यक जनशक्ति र स्रोत साधन सहितको छुट्टै क्रियाशील संस्थागत संरचनाको व्यवस्था भएको हुने। |
| ११७ | राज्यका तीन तहका सरकारको जनसङ्ख्या व्यवस्थापनको विषयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जनसङ्ख्या सम्बन्धी सङ्घीय कानुन तर्जुमा गर्ने। | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय; स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | २ वर्ष | राज्यका तीन तहका सरकारको जनसङ्ख्या व्यवस्थापनको विषयलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न जनसङ्ख्या सम्बन्धी सङ्घीय कानुन भएको हुने। |
| ११८ | प्रदेश तथा स्थानीय तहमा जनसङ्ख्या र विकासको कार्य जिम्मेवारी वहन गर्ने गरी संस्थागत तथा कार्यप्रणालीगत क्षमताको विकास गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | १ वर्ष | प्रदेश तथा स्थानीय तहमा जनसङ्ख्या र विकासको कार्य जिम्मेवारी वहन गर्ने गरी संस्थागत तथा कार्यप्रणालीगत क्षमताको विकास भएको हुने। |
| ११९ | जनसङ्ख्या व्यवस्थापनका विषयमा व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्न कानुन बमोजिम वित्तीय कोष स्थापना गरी कार्यान्वयन गर्ने । | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | अर्थ मन्त्रालय | २ वर्ष | संस्थागत सामाजिक जिम्मेवारी बहन गर्न वित्तीय कोष स्थापना भइ कार्यान्वयन भएको हुने। |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

| क. सं. | कार्यनीति बमोजिमका क्रियाकलाप | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा | अपेक्षित उपलब्धि |
|---|---|---|---|---|---|
| १२० | राज्यका तीन तहको समन्वयमा सङ्घीय तहमा एकीकृत प्रतिवेदन गर्ने स्वचालित प्रणाली स्थापित गर्न जनसङ्ख्या व्यवस्थापन मार्गदर्शन तयार गर्ने। | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रदेश सरकार, स्थानीय तह | १ वर्ष | जनसङ्ख्या व्यवस्थापन मार्गदर्शन लागु भएको हुने। |

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं